# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

बुद्धजयन्ति समाचार अंक



ज्याः पुन्ही

नगदेश बुद्ध विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यक्रम संचालन गरिरहेको दृष्य

DHARMAKIRTI

वर्ष- २० अ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

*सम्पादकीय*

# महामायादेवी खुशी छिन्

२५४६ औं बुद्ध पूर्णिमाको दिन लुम्बिनी विकास कोषको आयोजनामा लुम्बिनी दिवसको रुपमा बुद्ध जयन्ती भव्य रुपमा मनाइएको समाचार छ । उक्त अवसरमा अशरणको रुपमा सानो कोठामा थन्काइएको मायादेवीको प्रतिमालाई उक्त कोठाबाट झिकेर पुनः निर्माणाधीन अवस्थामा रहेको नयाँ मन्दिरमा प्रतिस्थापना गरिएको छ । यस शुभ कार्यमा लुम्बिनीवासी भिक्षु विमलानन्द महास्थविर, बर्मी भिक्षु र श्रीलंकाका भिक्षु, धम्मवती गुरुमां र अन्य एक बर्मी गुरुमां सहित एक समूहले बौद्ध विधि अनुसार परित्राण पाठ गरेको समाचार छ ।

यस पुनित उपलक्षमा सहभागी भएका जन समूह विच यसरी चर्चा चलेको सुनिन्छ- नयाँ निर्माणाधीन मायादेवी मन्दिरमा महामायादेवी प्रतिमाले प्रवेश गर्न पाएकोले होला प्रतिमाको अनुहार नै अति प्रसन्न देखिन्थ्यो रे । हुनत मन्दिर निर्माण कार्य पुरा त भएको छैन । तैपनि आफ्नो स्थानमा फर्कन पाएकोले स्वतन्त्र भई श्वास फेर्न पाईयो स्वच्छ हावा लिन पाइयो । वाहिर एउटा सानो कोठामा गुम्सिएर बस्नु परेको र पुरोहित बाजेको बन्धनमा घ्यू र दियोको राप र धूप वत्तीको धुवाँले श्वास फेर्न नै गाऱ्हो परेका थियो रे पहिला त । हाल पुनः निर्माण गरिएको छाना नभएको मन्दिरमा बस्न पाएकोले होला बुद्ध पूर्णिमाको दिन उपस्थित भएका सबै सहभागीहरूले शीतल वातावरणको महशूस गरियो । तर पहिला पहिलाको वर्ष मनाइएको बुद्ध पूर्णिमाको अति गर्मी हुने गर्थ्यो । यसपाली भने महामायादेवी खुशी हुनु भएकोले नै होला सबै सहभागीहरूलाई शीतल वातावरणले स्वागत गरी सुखी बनाइदियो ।

अरु वेलामा बौद्ध वातावरण नभएको उक्त स्थानमा यसदिन बुटवल, तानसेन, भैरहवा र काठमाडौंका बुद्ध अनुयायीहरूको उपस्थितिले लुम्बिनी क्षेत्र नै बौद्ध वातावरणले छाएको देखिन्थ्यो रे । जे होस्, लुम्बिनी विकासका अध्यक्ष मन्त्री महोदयको प्रतिज्ञा पूरा भएको देखियो । किनभने बुद्ध पूर्णिमाको दिन महामायादेवीको प्रतिमालाई नवनिर्मित मन्दिरमा प्रतिस्थापन गर्न पाइयो । मन्दिर निर्माण कार्य पूरा नभएपनि । यो एक ठूलो उपलब्धी मान्न सकिन्छ । अब मन्दिर निर्माण कार्यको बाँकी अंश पनि छिट्टै पूरा होस् भन्ने हाम्रो कामना रहेको छ ।

अब जनताले सुनेको एउटा गुनासो यहाँ उल्लेख गर्न मनासिव देखिन्छ । "पहिले पहिले बोधिवृक्षले मलाई शीतल छहारी दिएर राखेको थियो । त्यो पनि विदेशमा उडाएर लगेको छ । उत्खननको नाममा म बसेको मुन्तिर रहेका अमूल्य वस्तुहरू पनि कता हराएर गयो थाहा भएन । बोधिवृक्ष मुनि मेरो छोरो सिद्धार्थ गौतमले बोधिज्ञान प्राप्त गरेकोले भक्तजनले बोधिवृक्ष र मलाई पूजा सम्मान गर्ने गर्थे । अहिले ती सबै स्मरणको रुपमा मात्र बाँकी रहने भयो । जेहोस् पहिले भन्दा उज्यालो र स्वच्छ हावा आउने नयाँ मन्दिरमा बस्न पाइयो । यही खुशीको कुरा भयो ।"

माथि उल्लेखित यो गुनासो अरु कसैको होइन । एकजना वर्मी गुरुमांलाई सपनामा महामायादेवीले पोख्नु भएको गुनासो हो रे यो । तर यसलाई हा[illegible] सपनाको रुपमा होइन विपनाको रुपमा [illegible]श हुनेछ । ✿

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

विशेष सदस्य रु. १०००/-
वा सो भन्दा बढी
वार्षिक रु. ६
यस अङ्कको रु.

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**JUNE 2002**

| वर्ष- २० | अङ्क- ३ | ज्याः पुन्ही | असार २०५९ |
|---|---|---|---|




★ नतं कम्मं कतं साधु-यं कत्वा अनुतप्पति,
यस्स अस्सुमुखो रोदं-विपाकं पटिसेवति ।

अर्थ-

जुन कामको फल भोग गर्दा आँसु बगाई पछुतो गर्नु पर्ला त्यस्तो काम सज्जनले नगर्नु नै बेस हो ।

★★★

★ तं च कम्मं कतं साधु-यं कत्वा ना'नुतप्पति,
यस्स पतीतो सुमनो-विपाकं पटिसेवति ।

अर्थ-

जुन कामको फल भोग गर्दा पछुताउनु पर्दैन, चित्त प्रसन्न रहन्छ, सज्जनले त्यस्तो काम गर्नुपर्छ ।

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति" का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ - सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| लेख | लेखक | पृष्ठ |
|---|---|---|
| बुद्ध वचन | | १ |
| शान्तिको चाहना र हाम्रो वर्तमान | सुवर्ण वज्राचार्य | ३ |
| धम्मपद- | रीना तुलाधर | ५ |
| परिचयात्मक पत्रकारिता तालिम सम्पन्न | | ६ |
| मांया ख्वाः स्वयगु औंसी | विमला शाक्य | ७ |
| बुद्ध छन्त गन मालेगु | सिसिना वज्राचार्य | ७ |
| धर्मकीर्ति विहार गतिविधि | | ८ |
| धर्मप्रचार समाचार | | १२ |


☆ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।

☆ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

☆ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहली जू वनी ।

☆ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहली बी फु ।

☆ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

# शान्तिको चाहना र हाम्रो बर्तमान

– सुवर्ण वज्राचार्य

शान्तिको शब्द सुन्ने वितीकै हाम्रो शरीरको नशा-नशामा शीतल र आनन्दको रक्त संचार हुन थालेको अनुभुति हुन्छ । शान्ति नचाहने को होला ? सबै शान्ति चाहन्छन् । सृष्टि को सुरु देखिनै मानिसले शान्तिको चाहना राख्दै आएका छन् । अझ उतिवेला भन्दा आज शान्तिको झन बढी आवश्यकता महसुस भैरहेको छ । तर अहिले हिंसा र आतंकबाट विश्व आक्रान्त छ । अधिकांश मुलुकहरू हत्या र युद्धबाट ग्रसित छन् । सबैतिर विकृति र विसंगतीको कालो वादल मंदारिएको छ । जन्मलाई मृत्यको छाँयाले पछ्याए झैं कहिले अगाडीबाट कहिले पछाडीबाट शान्तिलाई अशान्तिले आफ्नो डरलाग्दो पंजाले निरंतर पिछा र प्रहार गर्दै पराजित पार्न सफल भएको छ । त्यसै कारण अवोध र निरिह मानिसहरूलाई कतैबाट पनि संतोष र राहतको सास फेर्ने ठाउँ मिलेको छैन । सबैतिर भय, अशान्ति, निरासा मात्र ब्यापक छ ।

मुखले सबै शान्ति शान्ति भन्छन् कर्म र व्यवहार मा कसैले देखाउन सकेका छैनन् । मानिसले मानिसलाई चिन्न नसकेकोले नै एक को अर्का प्रति कुभावना जागृत भएको छ । आफु भलो त जगत भलो भन्ने युक्तिलाई आत्मसाथ गरी आफुमात्र वाँचुँ, आफुमात्र खाउँ लाउँ जस्ता संकिर्ण र स्वार्थी मनस्थिती हावी भएको कारणले वैमनस्य र तनाव उत्पन्न भएको छ । धर्म, सत्य र शान्तिको संवेदनशीलता हरदम बहुजन हित र सुखमा निहित रहिआएको छ । धर्मको मर्म र सदाशयता लत्याएर म जे चाहन्छु त्यही हुनुपर्छ । म जे गर्छु त्यही ठिक छ । मेरो गोरुको बान्है तक्का भन्दै हठवादी र जबर जस्ती गर्न खोज्ने मानसिकताले धर्मको मर्म र स्वभावलाई आघात पुग्नगै सर्वत्र बर्वादीको कोलाहल मच्चिन पुगेको छ आफु बाँचेर अरुलाई पनि बाँच्न दिनु मानवता हो । आफु मात्र वाँची अरुलाई मार्न खोज्नु दानवता हो । यही दानवताको क्रुर र विनासकारी जालोले छोपेको हुँदा मानिसको अन्तस्करणबाट सदासदाको लागि मानवता पलायन भैसकेको छ ।

आजभोलि धर्मको नाउँमा मानिसहरूले अति निकृष्ट र अधम कर्महरू गरे[illegible]हिष्णुता प्रदर्शन गर्दै आएका छन् । रुढीवादी र अन्धविश्वासको ठाङनो भित्र गुटमुटिएर धार्मिक सहअस्तित्वलाई खलल पार्दै अनावश्यक रडाको मच्चाई सवै भौतिक र सामाजिक संरचनाहरू ध्वष्ट पारेकाछन् ।

मुखले शान्ति शान्ति भन्दै विश्वका धनी र शक्तिशाली राष्ट्रहरू तँछाड मछाड गरी विध्वंशकारी अस्त्र शस्त्रको भरमार उत्पादन गरेर अथाह भण्डार थुपार्दै होडवाजीमा लागेकाछन् । त्यसले पनि मानिसहरूलाई हत्या र आपराधिक आचरण गरी अशान्ति आतंकमा लाग्न अभिप्रेरित गरिरहेको छ । कतै गरिव र गाँसवास विहीन असहाय मानिसहरू भोकमरीको दारुण शंकटमा परी भोकभोकै परिरहेका छन् । कतै यो साँघुरिंदै गएको विश्व परिवेसको अपठ्याराबाट थिचीएर निस्केको क्रण्डनले आकाश छुँदोछ । यस्तै वेला अर्का थरी मानिसहरू आफ्नो तुच्छ र निहित स्वार्थ पुर्तिका लागि आत्मघाती बम र बन्दुकको साहारा लिई सम्पूर्ण मानव संरचना चकनाचूर पारी हिंसा र हत्याको अग्नीमा घ्यू थपिरहेकाछन् । दया माया क्षमा मानव मष्तिकबाट विलीन भैसकेकोछ । धर्म, विश्वास र सत्यता अव इतिहासमा मात्र अंकित रहन पुगेकोछ । संसारमा जन्म लिएर फेरी मरेर जानुपर्छ भन्ने सत्यतालाई विर्सेर आखिर यो सवै के को लागि गरिदैछ ?

यो एकादेशको कथा होइन । पहिलो र दोश्रो विश्वयुद्धको कहानी पनि होइन । यो एउटा यस्तै वास्तविकताको चित्रण हो जुन हाम्रो देशमा तपाईं हाम्रै आँखाको सामुन्ने घटिरहेको विभत्स र दर्दनाक घटना हो । मानिसहरूले आफ्नु मानविय संवेदशीलता र सहअस्तित्व भुलेर असमान तिष्णा तृप्त गर्नका खातिर असंख्य लुटमार र मानव हत्यामा लागि अनन्त पराजयको युद्ध लडिरहेकाछन् । अहिंसाको पुजारी शान्तिका प्रवर्तक गौतमबुद्धको देश आज सम्पूर्ण हिंसा र रगतले पोतिएकोछ । विदेशीहरू मुक्तकंठले श्रद्धा र इज्जतकासाथ कत्रो सन्मान र प्रसंशा गर्छन् नेपाल र नेपालीको । तर हामीले नै सबै अर्न्तराष्ट्रिय मान र प्रतिष्ठालाई प्रवल बनाई राख्न नसकी आपसी लुछाचुँडीले सारा राष्ट्रिय अस्मिता नै तहन नहस बनाई

सक्यौं । हामीले आफ्नो देशको गरिमा र महत्व पहिचान गर्न नसकी राष्ट्रिय अस्तित्वलाई धुजाधुजा पार्देछौं, उल्टै आफ्नो क्षुद्र आकांक्षा पुरा गर्न आफ्नै दाजुभाइ दिदी बहिनीको रक्त पिपासु भएर आफुआफुमा मारकाट गरी यस पवित्र भुमिलाई रगतको दहमा डुबाई दिएका छौं । हाम्रा यिनै अमानविय कुकृत्यका कारणले पनि सवेको नजरबाट हेपिएर अझै होचिन पुगेका छौं । सबैतिर अराजकता छाएकोछ । आपसमा मर्ने र मार्ने खेल खेलिरहेका छन् । बाँच्ने जति पनि कुन बेला के हुने हो भन्ने अविरल त्रासले थरथर काँपी छाती भित्र मुटुको भक्कानु फुटाउँदै घुटुघुटु आँखुका धारा पिएर यो सबै टुलुटुलु हेरिरहन विवस भएकाछन् ।

आजभोलि धर्मकारहरूको संख्या दिनदिनै वढिरहेकोछ । तर धर्मको उचाई झनझन घट्दोछ । कुनै पनि देव देवीको मन्दिरमा दर्शन गर्न जाँदा घण्टौं लाइन लाग्नु पर्छ । सबै आफुलाई धर्मात्मा भनी दर्शाउन चाहन्छन् । तर धर्मले भनेको मान्न कोही चाहन्दैनन् । धर्मको मर्म र स्वभावलाई लत्याएर अधर्मको बाटो अपनाएकोलेनै मानिसहरूले सद्भाव र सदाचारितालाई बिर्सन पुगेकाछन् । यही कारणले आज हाम्रो जस्तो सुन्दर शान्त विशाल मुलुकको सबै गाउँ, शहर, जंगल र बस्तीहरू सारा उजाडिएर मसानघाट भइरहेको छ । मान्छेको कुहिएको लासहरू डुंडुंगनाइरहेको छ ।

हिंसा हत्याले कसैलाई भलो गराएको छैन । के यस्ले कसैलाई हित गरेको छ ? कसैलाई पनि हिंसा हत्याले भलो गरेको छैन । श्रृष्टिको सुरु देखिनै मानिसहरूले आफ्नो जीवन अनुकूलको लागि कुनै न कुनै कारणबाट हिंसा र हत्याको संघारमा फस्दै आइरहेको यथार्थ हामी इतिहासबाट थाहा पाउछौं । तर कसैलाई पनि यसबाट लाभ पुगेको छैन सिवाय् विनास । यि सवै तथ्यको जानकारी हुँदाहुँदै पनि सत्यलाई पन्छाएर फेरि उही विध्वंसकारी मार्गलाई अवलम्वन गर्नुको अर्थ सर्वनास मात्र हो । आफु पनि खतम् अरु पनि खतम् । समस्तीमा सवै खत्तम । के यस्तो दुराशय र दुरभावना राख्नु मानव मुल्य हो ? के यस्तो अमानवविय कर्म गर्नको लागिनै मानिसले यस धर्तीमा जन्म लिएको हो ? अवश्य होइन । मानिसहरूले आफ्नो अर्न्तआत्मा स्वच्छ पारी सबैसित मैत्री र करुणाको भावले अहिंसा पथमा शान्तिले बाँच्नको लागि सके सबैको राम्रो गर्नु । नसके कसैको नराम्रो पनि नगर्नु । केहीपल बाँच्नको लागि मानिसले अमूल्य जन्म पाएको हुन्छ । यो अवसरको सदुपयोग गरेर मानव हित र कल्याणको निम्ती केही गर्न सकियो भने सर्वत्र शान्ति नै शान्ति सायद यो नै मानव जीवन सार हो । सफल हो । भयो अव अति भैसक्यो नरसंहार । अझै पनि हाम्रो हातमा सुन्दर भविष्यको संभावना बाँकी छ । बितेका सारा भुलहरूलाई सच्याई हामी भित्र जकडिएको द्वेषपूर्ण कुभावनाहरू उखेलेर सदासदाको लागि निमित्यान्न पारी आपसमा दया क्षमा शान्ति र सदाचारका नौलो बाटोमा कदम बढाउनु नै जीवन सार्थकता हो । यसैमा हामी सबैको शान्तिको चाहना र हाम्रो वर्तमान सुनिश्चित भै अघी बढ्नेछ ।

## कैदीहरूले धूमपान त्यागे

तुल्सीपुर कारागारका एकसय पन्ध्रजना कैदीहरूले 'विश्व धूमपान' दिवसका दिनदेखि सामुहिकरूपमा धूमपान र सूर्तीजन्य पदार्थ सेवन गर्न छोडेको तुल्सीपर कारागारका जेलर भेषराज केसीले जनाएका छन् । उनका अनुसार जेलका मुख्य नाइकेको अध्यक्षतामा बसेको कैदीहरूको बैठकले उक्त निर्णय गरेको र व्यावहारिकरूपमै उक्त निर्णय लागू भइसकेको छ । निर्णयअनुसार जेलभित्र रहेका पसलहरूमा सूर्तीजन्य पदार्थहरूको बेचबिखन बन्द भइसकेको छ ।

साभार : समाचारपत्र २०५९ जेठ २१ गते

## धर्मकीर्ति पत्रिकाया विशेष सदस्य

क्र.सं. ३७१
सुमित्रा मानन्धर
पकनाजोल, काठमाडौं
रु १००५/-

क्र.सं. ३७२
श्री योगेन्द्र मणि तुलाधर
सरकारी टोल, बुटवल-२
रु. १००५/-

क्र.सं. ३७३
श्री लिला राज शाक्य
लिला मोटर्स, बुटवल-१०
रु. १००५/-

क्र.सं. ३७४
श्री महेन्द्र राज शाक्य
संगम पथ, बुटवल-६
रु.१००५/-

क्र.सं. ३७५
श्री सुरेश रत्न बज्राचार्य
बज्राचार्य आभुषण सेन्टर
अमर पथ, बुटवल-७
रु. १००५/-

क्र.सं. ३७६
श्री उपेन्द्र मान वज्राचार्य
दरवार मार्ग, बुटवल-६
रु. १००५/-

[यो धम्मपद स्तम्भको कथा "धम्मपदट्ठकथा" को आधारमा लेखिएको विषयवस्तु हो । अट्ठकथा भनेको वास्तवमा शुद्ध रूपले त्रिपिटक होइन । अर्को शब्दमा भन्ने हो भने पालि साहित्य हुँदैमा सबै त्रिपिटक नै हुनुपर्छ अथवा बुद्ध वचन नै हुनुपर्छ भन्ने केही छैन । वास्तवमा अर्थकथाचार्यहरू मध्ये धेरैजसो ब्राह्मणवादी विचार धाराका व्यक्तिहरू नै परेका देखिन्छन् । त्यसैले होला अट्ठकथामा बुद्ध वचन अनुसार 'मेल नखाने थुप्रै कुरा र विचारधाराहरू मिसिएका तथ्यहरू भेट्टिन्छन् । त्यसैले धम्मपदट्ठकथा पनि यस्तै अलौकिक चमत्कार र देवी देवता सम्बन्धि अपत्यारिला विचारधाराहरूबाट ओतप्रोत भएको देखिएतापनि यसमा पाठकवर्ग ले आश्चर्य मान्नुपर्ने देखिदैन । यसलाई हामीले अर्थकथाचार्यहरूको मौलिकताको रूपमा लिई चित्त बुझाउन सक्छौं । -प्रधान सम्पादक]

## धम्मपद-१४९

- रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

**ये झानपसुता धीरा-नेक्खम्म् पसमे रता**
**देवापि तेसं पिहयन्ति- सम्बुद्धानं सतीमतं**

अर्थ- शान्त रहेको नैष्क्रम्य मार्गमा गई, बुद्धको गुण सम्झेर ध्यानमा बस्ने धीरलाई देवताले पनि प्रशंसा गर्छ ।

घटना-

भगवान बुद्धले (तावतिंशमा ?) अभिधर्म देशना गरेर तीन महिनासम्म एक वर्षावास बिताउनु भयो । त्यसपछि संकास्य नगरमा जन समूहको अगाडि दर्शन दिन आउनु भयो । त्यस बखत गौतम बुद्धको दर्शन गर्न ठूलो समूह जम्मा भएको थियो । त्यस बखत देव, मनुष्यको सम्पूर्ण विशाल जन समूहले बुद्धको ठूलो स्वागत सत्कार गरे । बुद्धलाई गरिएको भव्य स्वागत सम्मान देखी त्यहाँ उपस्थित भिक्षु सारिपुत्र आश्चर्य चकित भए । अनि भिक्षु सारिपुत्रले बुद्ध समक्ष यसरी विचार पोखे- "भन्ते । यस्तरी भव्य स्वागत सम्मान गरिएको हामीले कतै देखेको छैन, सुनेको पनि छैन । साँच्चै, भो शास्ता ! तथागतलाई देव ब्रह्मा मनुष्य सबैले अति नै श्रद्धा राख्दो रहेछ ।" सारिपुत्रको यस अभिव्यक्ति माथि बुद्धले भन्नुभयो -"अनेकौं गुणले युक्त भएका तथागतलाई देव मनुष्यले प्रशंसा गर्ने तथा सम्मान गर्ने भनेको स्वाभाविकै कुरा हो ।" यस्तो भन्नु हुँदै बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

## धम्मपद-१५०

**किच्छो मनुस्स पटिलाभो**
**किच्छं मच्चान जीवितं**
**किच्छं सद्धम्म सवणं**
**किच्छो बुद्धानं [illegible]**

अर्थ-अंगपूर्ण मनुष्य भएर जन्म लिनु कठिन छ । नमरुंजेल मानिसले बाँच्नु कठिन छ, सद्धर्म श्रवण गर्न कठिन छ । उस्तै बुद्धको जन्म पनि कठिन छ ।

घटना-

वाराणसीमा बस्नु भएको बेला उपरोक्त गाथा गौतम बुद्धले एरकपत्त नाम गरेका नागराजाको कारणमा भन्नुभएको थियो । बुद्धको समयमा एरकपत्त नाम गरेका एक नागराजा थियो । उनको एक पूर्व जन्ममा उनी भिक्षु बनेको थियो जुनबेला काश्यप तथागत रहनु भएको थियो । उनीबाट त्यस बेला एउटा सानो भिक्षु नियम तोड्न पुगेको थियो । मृत्युको बेला त्यही कारण पछुटाउँदै मरेकाले उनको जन्म नाग योनीमा भएको थियो । एरकपत्त नाग रहँदै उनले संसारमा कुनै अर्को बुद्ध आउने प्रतीक्षा गरीरहेका थिए । अत्त: नागराजाले आफ्नी छोरीलाई काममा लगाएर बुद्धको खोजी गर्ने प्रयास गरीराखेको थियो । महिनाको दुई पटक आफ्नी सुन्दरी छोरीलाई नाच्न लगाउँथ्यो र चार वटा जटिल प्रश्न सोध्न लगाउँथ्यो । जो कोहीले यी चारवटा प्रश्नको सही जवाफ भन्न सक्छ उनैलाई आफ्नी छोरी विहे गराईदिने प्रस्ताव राखेको थियो । धेरै जना युवकहरूले प्रश्नको जवाफ दिएर सुन्दरी स्त्रीलाई बिहे गर्ने प्रयास गर्न आईसकेको थियो । तर कोही सफल हुन सकेका थिएनन् ।

गौत्तम बुद्धले 'उत्तर' नामको एकजना युवकले एरकपत्त नागराजाको चारवटा प्रश्नसँग सम्बन्धित भएर मार्गफल हासिल गर्न सक्ने कुरा जान्नु भयो । त्यतिबेला उत्तर नामका त्यस युवक आफै एरकपत्तकी छोरीको निम्ति जानै लागेको थियो । बुद्धले तिनलाई रोक्नु भयो र ती चारवटा प्रश्नको जवाफ कसरी भन्ने हो सिकाउनु भयो । बुद्धबाट प्रश्नको जवाफ सुन्ने

बित्तिकै नै 'उत्तर' श्रोतापत्ति मार्गमा प्रतिष्ठित भयो र नागकी छोरीको चाहना रहेन। तैपनि कसैको भलो सोची उत्तर नागले राखेको चारवटा प्रश्नको जवाफ दिन हिँड्यो ।

ती चारवटा प्रश्न यसरी राखिएको थियो- १. संसारको अधिपति महाराज हो हुन् ? २. महाराजाको पनि मालिक को ? ३. कसरी पापबाट मुक्त होइन्छ ? ४ 'मूर्ख' कसलाई भन्ने हो ?

प्रश्नको जवाफ भगवान बुद्धले यसरी सिकाउनु भयो । १. छ:वटा इन्द्रिय द्वारलाई नियन्त्रण गर्न सक्ने संसारको अधिपति महाराजा हुन् २. महाराजाको पनि मालिक त्यो हो जसले तृष्णाबाट मुक्ति पाउँछ । ३. तृष्णाबाट मुक्ति पाउने विरज हुन्छ । ४. राग भएकालाई मूर्ख भनिन्छ ।

नागकी कन्याले राखेको चारवटा प्रश्नको जवाफ उत्तरबाट सुनेपछि एरकपत्त नागराजालाई यकीन भयो कि संसारमा बुद्ध उत्पन्न भईसक्यो । अति नागराजाले उत्तरलाई भगवान बुद्धकहाँ लैजान आग्रह गऱ्यो । बुद्धकहाँ पुगेपछि नागराजाले कसरी काश्यप बुद्धको पालामा अन्जानवश एउटा रुखको पात तोड्ने नियम तोडेको र यसको आपत्ति देशना गर्न नपाउँदै मृत्यु भएकोले एक बुद्धान्तरसम्म मनुष्य जन्म लिन नपाएर नागयोनीमा परीरहेको वृतान्त सुनाए । उनको कुरा सुनेपछि बुद्धले "मनुष्यको जन्म पाउनु दुर्लभ छ, त्यस्तै संसारमा बुद्ध उत्पन्न भएको बेला मनुष्य बन्नु दुर्लभ छ, बुद्धको सद्धर्म सुन्नु दुर्लभ छ" भनीकन उपदेश दिँदै उपरोक्त गाथा भन्नुभयो ।

**परिचयात्मक पत्रकारिता तालिम सम्पन्न**

ललितपुर चैत्र ३१ - युवक बौद्ध मण्डल नेपालको आयोजनामा एक साता व्यापी भएको परिचयात्मक पत्रकारिता तालिम आज २०५८ साल चैत्र ३१ गते शनिवार मण्डलको धम्म हलमा समापन समारोह सम्पन्न भयो । जम्मा १९ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको यस परिचयात्मक पत्रकारिता तालिम चैत्र २५ गते देखि शुरु भएकोमा पत्रकारिताको परिचय, फिचर, समाचार प्रस्तुतिकरण विषयमा प्रमुख प्रशिक्षक गुणराज लुईंतेलबाट, अन्तर्वाता कला सम्बन्धि सुशील शर्माबाट, समाचार संकलन गर्ने तरिका भागिरथी योगी तथा पत्रकारितामा जेण्डर सम्बन्धि बविता बस्नेतले प्रशिक्षण दिनु भएको थियो । यसै सिलसिलामा समाचार संकलन गर्ने क्रममा पाटनको चार स्थानमा पाटन संग्रहालय, ल.पु.उ.म.न.पा., जिल्ला विकास समिति तथा २५४६ औं बुद्ध जयन्ति समारोह समिति, ललितपुरमा चार समूह बनाएर समाचारहरू संकलन गरेर प्रस्तुत गरेको थियो ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवं मण्डलका धम्मानुशासक श्रद्धेय बुद्धघोष महास्थविरबाट पंचशील प्रार्थनाबाट शुभारम्भ भएको समापन समारोहको सभापतित्व मण्डलका अध्यक्ष अशोकमान शाक्यले गर्नु भएको थियो भने उपाध्यक्ष राजेश शाक्यबाट स्वागत मन्तव्य दिनु भएको थियो । स्वागत मन्तव्यको क्रममा उपाध्यक्ष शाक्ले बुद्ध शिक्षा तथा पत्रकारको कार्य प्रति प्रकाश पार्नु भएको थियो । त्यस्तै मन्तव्यको क्रममा प्रमुख प्रशिक्षक गुणराज लुईंटेलले पत्रकारिता तालिम दिन पाएकोमा खुशी व्यक्त गरी यस तालिमले पत्रपत्रिका पढ्नमा ठूलो मद्दत पुऱ्याउने र राम्रो सोचाइले काम गऱ्यो भने नतिजा पनि राम्रो हुनेकुरा व्यक्त गर्नुभयो । उहांले अगाडि भन्नुभयो सात दिनमा प्रति दिन दुई घण्टा समय दिनु भएको नै ठूलो कुरा हो । अझ मण्डलबाट पनि ठूलो कुरा सिक्न पाएकोमा मण्डल परिवारलाई बिशेष धन्यवाद दिनु भयो । अर्का प्रशिक्षक बविता बस्नेतले अहिलेको हिंसा, हत्याको खेल भइरहेको अवस्थामा बुद्धको शिक्षा दिनु धेरै महत्व छ भन्दै एक अर्को प्रति शिक्षा आदान प्रदान गरिरहनु पर्ने बिचार व्यक्त गर्नुभयो । दैनिक हत्या हिंसाको समाचार प्रसारण भईरहेकोले बच्चाहरूलाई समाचार नहेर भन्नु पर्ने अहिलेको अवस्थामा बुद्धको सन्देश निकै महत्वपूर्ण छ र शान्तिको सन्देश कसरी अधिराज्यभर पुऱ्याउने भने बिचार व्यक्त गर्नुभयो यसरी प्रचार गर्न पत्रकारिता अत्यन्त महत्वपूर्ण छ भन्नुभयो ।

यस कार्यक्रममा मण्डलका अध्यक्ष अशोकमान शाक्यले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र तथा प्रशिक्षकहरूलाई उपहार तथा कृतज्ञता पत्र पनि प्रदान गर्नुभएको थियो । अन्तमा सभापतिको आसनबाट अध्यक्ष शाक्यले परिचयात्मक पत्रकारिता तालिमले प्रशिक्षार्थीहरूमा धेरै परिवर्तन आएको हुनु पर्छ र यस्को भूमिका सबैमा हुनु पर्दछ भनि भन्नुभयो । र अन्तमा सहभागी सबैलाई धन्यबाद दिई पुण्यानुमोदन गरि कार्यक्रम सम्पन्न भएको थियो उक्त तालिम [illegible]डलका कार्य समिति सदस्य हेमरत्न शाक्यको सं[illegible] संचालन भएको थियो ।

# मांया ख्वा: स्वय्गु औंसी

*- विमला शाक्य, इतुंबहा: ।*

मांया गुण अनन्त व अपार जूगुलिं बुद्धं माँ बौयात हनेगु नं मंगल कार्यया रुपय् व्याख्या यानाबिज्या:गु दु । अथे जूगुलिं मांया थ: मचापिनि प्रति गुलितक मैत्री दु धयागु विषययात कया: बाँखं छपु न्ह्यथनेगु उचित ताया ।

छम्ह मिसां थ: काय्यात तसकं दु:ख सिया: पालन पोषण याना: त:धिक: यात । मैत्री करुणा मुदिता व उपेक्षा भावं जा:गु नुगलं मांम्हस्यां व काय्मचायात मिसा छम्ह नाप विवाह कर्म नं याना विल । तर भौमचा जूम्ह मिसा मभिंम्ह ला:बले वयागु संगतं काय्मचा नं मभिना वल । उम्ह काय्मचां थ: कला:या मोहले लाना: मांया कृतज्ञ गुण लोमंकल । थ: मिसां जाले लाका: मांयात दु:ख वियाच्वंगु चायक्य मफुत । छन्हु कला:म्हस्यां माजुया नुग:चु हय्गु आदेशबिल । व मूर्खम्ह काय्मचां कला:या आदेश पालन याना: मां स्याना: नुग:चु कयाहे कल । तर बेहोशे लाना लुफिं हाना द:बले ल्हातय् च्वंगु नुग:चु बँय् कुतुंवन । संयोगवस उम्ह काय्मचायात न्हाय्पने मांया ममतां जा:गु स: थ्वल "यो पुता ! छ द:बले छन्त गनं घा:पा:ला मजूला ?" अले तिंनि उम्ह मूर्खम्ह काय्मचां मांया गुण लुमंकेफत । थ:गु कुकर्म यात चाय्का: पश्चाताप चाय्का च्वन ।

थुगु घटनायात लुमंका: भ्हीसं नं लात्तले भापी मफु मलाकां छु याय् ? धयागु उखान यात चायक्य मा:गु दु । पायछ्री इलेहे थ:त होशे तया: माँबौया कृतज्ञ गुणयात चाय्का: मांबौया पाखें अमूल्य आर्शिवाद काय्फुपिं व कर्त्तव्य पूरेजूपिं जुया: भाग्यमानी ज्वी फय्मा । अथे ज्वीफयक्यत हे विद्वानजनपिसं मांया ख्वा:स्वयगु व बौया ख्वा: स्वय्गु पवित्र दिन छुना: पुण्य कर्म पीगु मौका वियात:गु ज्वी ।

# "बुद्ध छन्त गन मालेगु"

- सिसिना वज्राचार्य
ध्वाखा बाहा: यें

थौं हलिमय् न्यंकं
अशान्तिया कोलाहल ताये दया च्वन
शान्तिया ज: तक्कं खने मदया च्वन ।
गुलि दु:खया खं थ्व !
थौं बुद्ध बूगु देशय् तक्कं
हिंसा व आतंकं हाकया वनाच्वन ।
हलिमय् हे शान्तिया नामं
प्रतिस्थापित जुइ धुंकूगु
बुद्धया शिक्षानं
बुलुहुँ बुलुहुँ ल्व:मंका वनाच्वन ।
अन्धकारं भुनाहया च्वंगु
थ्व अशान्तमय वातावरणय्नं
शान्तिया चाहना यानाच्वंपिं
अज्जनं यक्वं दनि ।
अथेनं बुद्धया नामं न्ह्यानाच्वंगु
विभिन्न यानं याना:
बुलुया वनाच्वंगु बु[illegible] शिक्षा
अज्ज धाये "जि-जिगु" धइगु अहं भाव हे
अशान्तिया मू कारण जुया बिल ।
थ्वहे हुनि ख: बुद्ध,
छंगु शिक्षाय् (Mix व Duplicate) वल
उकिं,
बुद्ध छंगु शिक्षा मखु
बल्कि छंगु हे आवश्यक तायेका
बुद्ध छन्त गन मालेगु ?
छन्त जिं मामां मामां
जिं थ:त ध्यानावस्थाय् थ्यंका
अन हे बुद्ध, जिं छंगु
धाथेंया शिक्षा खंका
बुद्धधर्मया नामय् त त्त: क्यनाच्वंपिनिगु निम्तिं
विपश्यना हे मू लक्ष तायेका
थ्वहे जिं धाथेंसुखया लँपु खनेधुंका: नं,
बुद्ध छन्त हानं गन मालेगु ?
क्वचाल

### "बर्मामा बुद्ध धर्म"

२०५८।१२।१०

यसदिन दो गुणवती गुरुमांले "बर्मामा बुद्ध धर्म" विषयमा जानकारी दिनुभएको थियो । उहाँले भन्नुभयो- "बर्मामा सानै उमेर देखिनै बच्चाहरूलाई बुद्ध धर्म सम्बन्धी कार्यक्रमहरूमा सरिक गराउने चलन छ । प्रत्येक आइतवार सपरिबार बुद्ध मन्दिर र बौद्ध विहारहरूमा गई बुद्ध धर्म अध्ययन गर्ने, बुद्ध पूजा र परित्राण पाठ श्रवण गर्ने आदि चलन छ । युवाहरूपनि बौद्ध मन्दिर र बौद्ध विहारहरूमा गई सरसफाई कार्यमा सक्रिय रहन्छन् । वर्षावास चार महिना उपासक उपासिकाहरू विहारमा गई बुद्ध धर्म अभिधर्म अध्ययन गर्ने, परित्राण पाठ, बुद्ध पूजा र ध्यान भावना गर्ने गर्छन् । युवावर्गहरू अस्थायी प्रव्रजित हुने पनि चलन चल्ती छ । सरकारी स्तरका स्कुलहरूमा पनि प्रत्येक दिन पञ्चशील प्रार्थना गराउने र मंगल सूत्र पाठ गराइन्छ । यसरी यहाँ बुद्ध धर्म अध्ययन गराउने संस्थापक धेरै छन् जहाँ विभिन्न देशहरूबाट श्रद्धालु शिक्षा प्रेमीहरूले अध्ययन गर्न आउने गर्छन् । यसरी नै बर्मामा धम्माचरीय उपाधी प्राप्त गर्ने व्यक्ति त्यागीहरू मात्र होइनन् गृहस्थीहरू पनि छन् ।

### "विर्सन नहुने चार कुराहरू"

२०५८ चैत्र २४ धर्मकीर्ति विहार ।

यसदिन अध्ययन गोष्ठीको कक्षामा पूज्य अश्वघोष महास्थवीरले "विर्सन नहुने चार कुराहरू" विषयमा प्रवचन दिनु भयो । ती यसरी रहेका छन्-

१. बुढाबुढी हुनुपर्ने । २. रोग लाग्ने । ३. मर्नु पर्ने । ४. मन पर्ने व्यक्तिसंग विछोड हुनुपर्ने ।

हामीले आफु एकदिन बुढाबुढी हुनु पर्ने सत्यतालाई सम्झन सकेको खण्डमा मात्र आफु भन्दा ठूलावडालाई आदर गौरव गर्ने र सेवा तहल गर्ने भावना जागृत हुन्छ । आजकल बुढापाकाहरूलाई हेला गर्ने प्रवृति बढ्दै आएको छ । आमा बुबाले आफ्नो सन्तानलाई कति माया ममता र स्नेह प्रदान गरी हुर्काएको हुन्छ । तर त्यही छोराछोरीले आफ्ना आमाबुबालाई हेलचेक्र्याँई गरिरहेको हुन्छ ।

रोगी भएर बाँच्न धेरै नै गाऱ्हो छ । रोग लागेको अवस्थामा आफूले दु:ख पाउनुको साथै परिवारका अन्य सदस्यहरूलाई पनि दु:ख हुन्छ । रोगी व्यक्ति प्रति मैत्री राखेर सेवा गर्न सकेको खण्डमा चाँडै रोग निको हुनेछ । आफूलाई पनि एकदिन रोग लाग्न सक्छ भन्ने भावना आएमा मात्र रोगीप्रति राम्रो व्यवहार गर्न सकिन्छ । त्यसैले भगवान बुद्धले पनि रोगीको सेवा गर्नु भनेको मेरो सेवा गर्नु हो भनी रोगीसेवा कार्यको महत्त्व उल्लेख गर्नु भएको छ । तैपनि हामीले रोगीहरू प्रति मैत्रीपूर्ण व्यवहार प्रयोग गर्न भने सकिराखेका छैनौं ।

एकदिन मर्नुपर्छ भनेर हामी मध्ये धेरैले विर्सेका छौं । एकदिन मर्नुपर्छ भनेर सम्झेको भए आजको यस विकृतीपूर्ण समाजको सृजना नै हुने थिएन होला र मानिसहरू यति स्वार्थी र निर्दयी हुने थिएन होला । यो सबै एकदिन मर्नुपर्छ भन्ने प्राकृतिक सत्यतालाई सम्झन नसकेको कारणले नै उब्जिएका समस्याहरू हुन् । एकदिन सबैसंग विछोड हुनुपर्छ भनेर सम्झन सकेमा हामीमाथि आइपर्ने असह्य वेदनालाई सहने क्षमता हामीले सृजना गर्न सक्नेछौं । धेरै नै आशक्ति भएको कारणले गर्दा पनि मनपर्ने व्यक्तिसंग टाढिनु पर्दा सहनशक्ति गुमाई हामी विक्षिप्त हुन पुग्छौं । त्यसैले समस्यासंग सामना गर्न सक्नुको लागि हामीले यी ४ कुराहरूलाई सधैं सम्झनु पर्दछ । अनि मात्र हामीले आफ्नो जीवन सुखपूर्वक बिताउन सक्नेछौं ।

### सम्यक वचन

२०५८ चैत्र ३१, धर्मकीर्ति विहार

रिपोर्टर- नीता केशरी श्रेष्ठ । यसदिन वीर्यवती गुरुमांले सम्यक वचन विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो- "सम्यक वचन अर्थात् ठीक वचन त्यस्तो वचन हो, जुन वचन अरुको हीत र भलो सोचेर बोलिएको हुन्छ र त्यस बोलीले अरुको हीत गरेको हुन्छ । चाहे त्यो वचन कडा भई अरुले सुन्न मन नपराउने नै किन नहोस् ।

तर हामीहरूले आफ्नो स्वार्थ पूर्तिका लागि, अरुको अगाडि आफूलाई निर्दोष र भलादमी देखाउनका लागि, अरुको अहित चिताउँदै अज्ञानतावस हाम्रो मुखबाट चार प्रकारका मिथ्या (अकुशल) कुराहरू समय समयमा निस्किरहेक[illegible] । ती यसरी छन् ।

१. भूठो (असत्य) कुरा २. चुकली कुरा ३. बेकारका काम नलाग्ने बकवासहरू ४. कडा वचनहरू आदि ।

यी मिथ्या वचनहरूको स्वभाव यसरी वर्णन गर्न सकिन्छ - (मिथ्या वचनहरू)

१. असत्य बोली हुनेछ । यसले अरुलाई हीत गर्दैन र यो वचन रुखो र कडा हुने भएकोले सुन्ने व्यक्तिलाई यो वचन अप्रिय लागी सुन्न मन लाग्ने छैन ।

२. सत्य बोली हुनेछ । तर यसले अरुलाई हीत भने गर्नेछैन । यो बोलीले मानिसको मनलाई आनन्द दिन सक्दैन । त्यसकारण यो बोली मानिसहरूलाई अप्रियलाग्ने हुन्छ र फेरि फेरि यो बोली सुन्न रुचाउने छैन ।

३. सत्य बोलि हो । तर यसले अरुको हीत गर्दैन । तैपनि यो वचन नरम र मिजासिलो पनि हुने हुनाले सुन्ने व्यक्तिलाई यो वचन प्रिय लाग्ने छ र बारम्बार यो बोली सुन्न मन पराउने छ ।

४. असत्य बोली हो । यसले अरुलाई हीत पनि गर्दैन । फेरि पनि यो बोली सुन्ने व्यक्तिलाई मन आनन्द हुनेछ । किनभने यस प्रकारको बोली नरम र मिजासिलो भई सुन्ने व्यक्तिलाई प्रिय लागेर बारम्बार यो वचन सुन्न मन लाग्नेछ । यस प्रकारको बोलीलाई मुखमा राम राम बगलीमा छुराको उपमा दिन सकिन्छ ।

जबसम्म हामीले यस्ता भूठा आडम्वरले युक्त भई व्यवहार गर्छौं, तबसम्म हामी आफूले आफैलाई छकाइरहेका हुनेछौं । फलस्वरूप बुद्धले देखाउनु भएको दु:खबाट मुक्त हुने मार्गलाई अपनाउन सक्नेछैनौं । त्यसैले आर्य व्यक्तिहरूले यस्ता वचनहरू प्रयोग गर्दैनन् ।

बुद्ध शिक्षानुसार सम्यक वचन दुई तरीकाले मात्र प्रयोग गर्न सकिन्छ ।

१. सत्य कुरा हुनु पर्छ, जुन कुरा अरुको हीत सोचेर कल्याणमित्रको रुपमा रही बोलेको हुन्छ । त्यस कुरा नरम र मिजासिलो हुने भएकोले प्रिय लागी अरुले बारम्बार सुन्न मन पराउने छ । तर यस प्रकारको बोलीले पनि काम नलागेपछि तल उल्लेखित वचन प्रयोग ग[illegible] हुनुपर्नेछ ।

२. सत्यकुरा हुनुपर्छ, जुन कुराले अरुको हीत गर्नेछ । चाहे त्यो वचन कडा नै किन नहोस् । सुन्ने व्यक्तिलाई अप्रिय र सुन्न मन नलाग्ने नै किन नहोस् । उदाहरणको लागि आमा बुबाले आफ्ना छोराछोरीहरूलाई ठीक बाटोमा ल्याउनका लागि मिजासले काम नलागेपछि गाली गर्ने र धम्क्याउने समेत गर्नुपर्ने हुन्छ । तर यस्ता बोलीहरू प्रयोग गर्ने बेला पनि आमा बुबाको मनले आफ्नो सन्तानप्रति हीत र भलो चिताइरहेकै हुन्छ ।

यी दुई प्रकारका वचनहरू मात्र बुद्धले आवश्यकतानुसार ठाउँ र परिस्थिती हेरी प्रयोग गर्नुहुन्छ । बुद्धका शिष्य हामीले पनि यसरी नै होशियारी पुर्वक सम्यक वचन प्रयोग गरी आफ्नो वचनलाई शुद्ध राख्न सकौं ।

## थाइलैण्डमा बुद्ध धर्म अध्ययन

२०५९ वैशाख ७ गते धर्मकीर्ति विहार ।

यसदिन खेमावती गुरुमाँले "थाइलैण्डमा बुद्ध धर्म अध्ययन विषयमा आफ्नो अनुभव बताउनु हुँदै भन्नुभयो - "थाइलैण्डमा महापजापति थेरी युनिभर्सिटीमा अध्ययन गर्दैछु । त्यहाँ धर्म सम्बन्धी नाक थाम त्री भनी ३ वर्षको लागी अध्ययन गरिन्छ । सामान्य शिक्षा स्कुल स्तरमा १२ वर्षको लागि, B.A- ४ वर्ष, M.A. २ वर्ष र Phd ५ वर्ष अवधीको हुन्छ ।

बुद्ध धर्म सम्बन्धि धम्मायु र महानिकाय गरी २ वटा निकायहरू हुन्छन् । त्यहाँका विद्यालयहरूमा सरकारी अनुदान एवं विहारमा संचालित कार्यक्रमहरूबाट प्राप्त रकम जम्मा गरी आयश्रोत जुटाउने गरिन्छ ।

- वर्षको २ पटक आषाढ र वैशाख पूर्णिमा रातभर पूजापाठ गरिन्छ ।
- प्रत्येक नागरिकले आफ्नो जीवनकालमा २ पटक भिक्षुत्त्व ग्रहण गर्नैपर्छ र सैनिक तालिम लिन अनिवार्य छ ।
- भिक्षु र गुरुमांहरूका लागि हरेक क्षेत्रमा ५० प्रतिशत छूट दिने चलन छ । अझ सरकारी भाडा पूरा नै छूट रहेको छ ।
- विवाह देखि मृत्यु कार्यहरू सबै भिक्षु गुरुमांहरूको उपस्थितीमा विहार हाताभित्र नै सम्पन्न गरिन्छ ।
- मर्दा पर्दा खाममा पैसा हाली लिने दिने चलन रहेको छ ।

## सम्यक दृष्टी

२०५९ वैशाख २८ । नगदेश बुद्ध विहार, ठिमी

प्रत्येक शनीवार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संचालन भइरहेको बुद्ध शिक्षा अध्ययन कक्षा गत वैशाख २८ गते नगदेश स्थिति बुद्ध विहारमा संचालन गरियो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २०५९ सालको वार्षिक कार्यक्रम अनुसार संचालित यस कार्यक्रममा नगदेश बुद्ध विहारका सचिव कृष्ण कुमार प्रजापतीले स्वागत भाषण गर्नु हुँदै विहारको छोटो परिचय दिनुभयो । यसपछि सहकोषाध्यक्ष तारा महर्जनले मैत्री भावना विषयमा लेख पढेर सुनाउनु भयो । तुलसीमान दुवालबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो -"आफ्नो राम्रो व्यवहार नै धर्म हो ।" अध्ययन गोष्ठीका सचिव इन्द्रकुमार नकर्मीले गोष्ठीको परिचय दिँदै भन्नुभयो -"धर्मकीर्ति अध्ययन गोष्ठी युवा वर्गलाई बुद्ध शिक्षा अध्ययन र अध्यापन गराउनका लागि स्थापना गरिएको संस्था हो । उक्त कक्षामा वीर्यवती गुरुमांले "सम्यक दृष्टि" विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो-"हामीले कुनै पनि काम वा कुरालाई ठीक तरिकाले यथार्थ रूपले बुझ्न सक्नु नै सम्यक दृष्टि हो । हरेक क्षेत्रमा ठीक तरीकाले सकारात्मक रुपमा बुझ्ने क्षमता र बानी भएको मानिसले बुद्धले देखाउनु भएको आर्य अष्टाङ्गिक मार्गहरू मध्ये बाँकी रहेका सातवटा मार्गहरूलाई नविराइकन पछ्याउन सक्ने छन् । तर जसले पहिलो मार्ग सम्यक दृष्टि अर्थात् ठीक तरिकाले बुझ्न सक्दैनन् त्यसले अर्को वाकी रहेका सातवटै मार्गहरूलाई गुमाउन पुग्नेछन् । त्यसकारण हामीले बुद्धले देखाउनु भएको मुक्ति मार्गलाई पछ्याउने हो भने सर्वप्रथम आफुले आफैलाई जाँची रहन आवश्यक छ । आफ्नो बानी व्यवहार, वोली वचन र आफूबाट अरुलाई गरिने कार्यहरू वारे शुद्ध र निष्कलंक, चित्त लगाई परिक्षा गर्न अत्यावश्यक छ । तर हामी मध्ये धेरैजसो व्यक्तिको आफ्नो होइन, अरुको बानी व्यवहारहरूलाई चेवा चर्चा गर्ने प्रवृत्ति रहेको देखिन्छ । तर बुद्धले भन्नुहुन्छ जुन व्यक्तिले आफैलाई हरेक क्षण जाँचिरहन्छ, संयमी र स्मृतिवान भइरहन्छ, त्यही व्यक्तिले मात्र ठीक तरीकाले बुझ्न सक्ने क्षमता वृद्धी गरी सुखपूर्वक जीवन विताउन सक्नेछ ।"

नगदेश बुद्ध विहारका सचिव कृष्ण कुमार प्रजापतिद्वारा लिखित न्हायकुटी भगवान पुस्तकको छोटो परिचय लेखक स्वयंले दिनुहुँदै कार्यक्रममा उपस्थित सबैलाई एक एक प्रति पुस्तक पनि वितरण गरिएको थियो । नगदेश बुद्ध विहारमा संचालित यस कार्यक्रमका संयोजक ध्रुवराज कर्णिकारले कार्यक्रमको अन्त्यमा धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो । यस कार्यक्रम ध्रुव रत्न स्थापितले संचालन गर्नुभएको थियो ।

कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई नगदेश बुद्ध विहारका उपासकोपासिकाहरूको तर्फबाट जलपान र भोजनको व्यवस्था मिलाउनु भएको थियो ।

## रक्तदान

२०५९ जेठ ४ गते धर्मकीर्ति विहार ।

धर्मकीर्ति विहारको ३७ औं जन्मोत्सव र २५४६ औं बुद्ध पूर्णिमाको उपलक्षमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ । स्मरणिय छ, धर्मकीर्ति विहारको आयोजनामा गत १९ वर्ष अगाडि देखि रक्तदान कार्यक्रम निरन्तर रूपले संचालन गर्दै आइरहेको छ । उक्त कार्यक्रममा रक्त दाताहरूलाई धर्मकीर्ति विहारका गुरुमांहरू लगायत विभिन्न उपासक उपासिकाहरूको तर्फबाट फलफुल, मिठाई, कोकाकोला, फान्टा, दूध आदि दान गरिएको थियो । उक्त रक्तदान कार्यक्रममा रक्तदान गर्नुहुने ३४ जना रक्तदाताहरूको नामावली यसरी रहेको छ ।

### रक्तदाताका नामावली

| | *नाम* | *ठेगाना* |
|---|---|---|
| १. | प्रमिला कंसाकार | पुतली सडक |
| २. | स्मृति मानन्धर | बुढानिलकण्ठ |
| ३. | ज्ञानी महर्जन | त्यौड |
| ४. | सहन शिला तुलाधर | भोटाहिटी |
| ५. | सन्जिब महर्जन | कालिमाटी |
| ६. | अनिता महर्जन | टेबहाल |
| ७. | संगीता शाक्य | च:मति |
| ८. | गुरुमां कुसुम | बसुन्धरा विहार |
| ९. | कन्चन नकर्मी | प्युखा |
| १०. | कविता डंगोल | कालिमाटी |
| ११. | गुरुमां जयवती | धर्मकीर्ति विहार |
| १२. | ललिता तुलाधार | बालाजु, बनस्थली |
| १३. | अनिल कृष्ण जोशी | न:घल, क्वाडो |
| १४. | चिनी काजी महर्जन | असन, कमलाक्षी |
| १५. | उद्धब कायस्थ | नघल, क्वाडो |
| १६. | राधा मानन्धर | ठमेल |
| १७. | रश्मि मानन्धर | ठमेल |
| १८. | सुवर्ण मान [illegible] | असन |

१९. ध्रुव राज कर्णिकार — डिल्लीबजार
२०. अष्ट रत्न शाक्य — असन
२१. सहना मानन्धर — ताहाचाल
२२. दिपक शाक्य — डल्लु
२३. रबि श्रेष्ठ — ताहाचल
२४. युवक कर्माचार्य — ठहिति
२५. सुमन रत्न शाक्य — असन
२६. शेष नारायण डंगोल — असन, कमलाक्षी
२७. निलम शाक्य — ढल्को
२८. श्रीकृष्ण श्रेष्ठ — त्यौड
२९. श्रीजु श्रेष्ठ — बबरमहल
३०. अगम्य रत्न कंसाकार — केलटोल
३१. नविन जोशी तुलाधर — मखन
३२. रोशन काजी तुलाधर — असन, भोटाहिटी
३३. विभूति विष्ट — चण्डोल
३४. विजय अर्याल — चण्डोल

## विस्कुट वितरण

धर्मकीर्ति विहारको आयोजनामा २५४६ औं बुद्ध पूर्णिमाको उपलक्षमा काठमाडौंका विभिन्न अस्पतालका विरामीहरूलाई विस्कृत वितरण गरिएको छ ।

### कर्म

२०५९-१-२१ गते, धर्मकीर्ति विहार ।

यसदिन श्रद्धेय धम्मवती गुरुमांबाट 'कर्म' विषयमा प्रबचन दिंदै भन्नुभयो "हामीले गर्ने कुनै पनि काम नै कर्म हो । हामीले गरेको राम्रो वा नराम्रो जुनसुकै कामको फल हामीले नै भोग्नुपर्दछ । राम्रो काम गर्नेले राम्रै फल र नराम्रो काम गर्नाले नराम्रै फल भोग्नुपर्दछ । कुशल कर्म बनाउनु र नबनाउनु हाम्रै हातमा छ । अलोभ, अद्वेष, अमोहमा रहेर काम गर्नु नै कुशल धर्म हो । कर्म एक गम्भिर विषय भएकोले यसलाई बुझ्न सजिलो छैन । भगवान बुद्धले नै भन्नुभएको छ कि कर्मको विषयमा चिन्तन नगर्नु । यस विषयमा बुझ्नको लागि अभिधर्मको राम्रो अध्ययनपछि ध्यान अभ्यास गर्नु नितान्त आवश्यक छ । यसरी ध्यान अभ्यासबाट चित्तको स्वभाव धर्मलाई बुझिसकेपछि मात्र कर्मको विषयमा बुझ्न सकिन्छ । अन्तमा उहाँले हामी पनि चित्तको स्वभाव धर्मलाई राम्ररी बुझी उक्त दिन निर्वाण लाभी बन्न सकौं भन्ने आशिकाका साथ प्रबचन टुंग्याउनु भयो ।

उक्त दिनको कक्षा ध्रुव रत्न स्थापितबाट संचालन गर्नुभएको थियो ।

## परोपकार र बोधिचित्त

२०५९ जेठ १८

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट संचालित शनिवारको कक्षामा श्रद्धेय भिक्षु अश्वघोषज्यूबाट "परोपकार र बोधिचित्त" विषयमा प्रबचन दिनु हुँदै भन्नुभयो "निश्वार्थ रुपमा अरुको लागि भलो हुने काम गर्नु नै परोपकार हो, यो बोधिचित्त पनि हो । करुणा र मैत्री युक्त चित्तले नै मानिस र पशुमा भिन्नता देखाउँछ ।

अरुको लागि प्रत्यक्षरुपमा उपकार हुने काम गर्न नसकेतापनि सबैले आ-आफ्नो कार्य क्षेत्रमा इमान्दारी पूर्वक कर्त्तब्य पालन गर्नु पनि परोपकार गर्नु नै हो ।

परोपकार गर्नु राम्रो नियत हुनुपर्छ । आफ्नो लागि कुनै आशा नलिई अरुको भलो चिताई कार्य गर्नुपर्छ । बाटोमा देखिने केराको बोक्रामात्र पंछाउनु पनि परोपकार कै काम हो ।

तर निश्वार्थ र बोधिचित्त युक्त भै परोपकारको काम गर्ने लक्ष्य राख्दा राख्दै पनि कहिले काहीं चालै नपाई मानिस स्वार्थी बन्न पुग्न सक्छ । तसर्थ भगवान बुद्धले "आप्पमादेन सम्पादेथ" भनि उपदेश दिनु भएको कुरा मनन गर्न अति आवश्यक छ ।

अन्तमा हामीले सोच्दा, बोल्दा वा कुनै काम गर्दा आफ्नो तर्फबाट अरुलाई दु:ख नहोस् र भलो होस् भन्ने कुरामा होश पुऱ्याउनु राम्रो हुनेछ । उक्त दिन श्री ध्रुव स्थापितले कक्षा संचालन गर्नु भएको थियो ।

रिर्पोटर : नीता केशरी श्रेष्ठ

### बाल बौद्ध कक्षा

२०५९ बैशाख १५ गते आइतवार निसें हरेक शनिवार धर्मकीर्ति बिहारय् 'बाल बौद्ध कक्षा' संचालन जुया च्वंगु दु । मय्जु सुमन कमल तुलाधरया संयोजकत्वय् संचालित थुगु कक्षाय् न्यादँ खुदँ दुपिं मस्तनिसें च्वय्यापिं ब्वंवया च्वंगु दु । थ्व बाल कक्षाया मूल उद्देश्यत थथे ख:-

१. बौद्ध संस्कार दयेकेया लागी बुद्ध धर्म सम्बन्धी ज्ञानया बाखं व खँत थुइकेगु ।
२. बौद्ध धर्म अनुसार आचरण याये सयेकेगु ।
३. समूहले खँ ल्हाये सयकेगु व नवाये फयेकेगु ।
४. (Creative Writing) श्रृजनात्मक लेखन कला दयक्यगु । ई न्हिनय् २ बजे ।

**नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा**
२५४६ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न

२५४६ औं बुद्ध पूर्णिमा महोत्सव नेपाल अधिराज्यभर विभिन्न संघ संस्थाहरूले भव्य रूपले कार्यक्रमहरू संचालन गरी मनाइएको समाचार प्राप्त भएका छन् ।

**काठमाडौं, स्वयम्भू**

२०५९ जेठ १२ गते राजधानीको स्वयम्भूस्थित आनन्दकुटी विहारमा भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा आयोजित बौद्ध सार्वजनिक सभामा बोल्नुहुँदै प्रधानमन्त्री शेरवहादुर देउवाले आजको अशान्त, घृणा र द्वेषले भरिएको संसारमा बुद्ध उपदेशले मात्र शान्तिको नयाँ मार्ग दिनसक्ने कुरा उल्लेख गर्नुहुँदै आज सबै बालबालिका-हरूलाई बौद्ध शिक्षा सिकाउनु जरुरी भएको कुरा प्रष्टाउनु भयो । प्रधान मन्त्रीले बुद्धको अस्तिधातु पूजा गर्नु भएको उक्त समारोहमा श्रीलंकाका राजदूत श्रीमती पामेला जे दिन र नेपालका लागि चीन तथा थाइलैण्डका राजदूतहरूले पनि आ-आफ्ना मन्तव्य व्यक्त गर्नु भएका थिए ।

उक्त अवसरमा प्रधानमन्त्रीले विभिन्न बौद्ध भिक्षुहरूलाई सम्मानित गर्नुभएको थियो । सो समारोहमा आयोजित रक्तदान कार्यक्रममा १७४ जना रक्तदाताहरूले रक्तदान पनि गर्नुभएको थियो ।

यसरी नै जेठ ५ देखि ११ गते सम्म निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न महानुभावहरूले यसरी स्वास्थ्य सम्बन्धि ज्ञान दिनुभएका थिए ।

जडीवुटीको ज्ञान - कृष्ण प्रसाद जोशी
पिनाश रोग र ढाड दुखाई- डा. क्षितिज बराकोटी
दाँतको हेरचाह- जेविन्द्र सिंह आदि ।
यसरी नै एक्युपञ्चर उपचार विधि एक हप्ता सम्म संचालन गरिएको थियो ।

**काठमाडौं, हाँडिगाउँ वडा नं. ५**

२०५९ जेठ ६ देखि १२ सम्म । जेठ ६, ७, ८ र १० गते क्रमश: वीर्यवती गुरुमां, धम्मदिन्ना गुरुमाँ, कुशुम गुरुमां र श्यामलाल चित्रकारले धर्मदेशना गर्नु भएको थियो भने जेठ ९ गते जम्मा २३ जना गुरुमांहरूलाई हाँडीगाउँका हरेक घरदैलोबाट भिक्षादान गरिएको थियो । श्रद्धेय गुरुमांहरू दोगुणवती, रत्न मञ्जरी र धम्मवती सहित २३ जना गुरुमांहरू सहभागी हुनु भएको उक्त भिक्षाटन कार्यक्रममा गुरुमांहरूलाई जलपान र भोजनको लागि श्री कृष्णलाल प्रजापतीले आवश्यक व्यवस्था मिलाउनु भएको थियो । यसरी नै जेठ ११ गते टोल सरसफाई र ज्ञानमाला भजन कार्यक्रम संचालन गरियो भने जेठ १२ गते बुद्धपूजा, शोभायात्रा, बौद्ध सभा गरी बुद्ध पूर्णिमा मनाइएको थियो । भू.पु. सांसद श्री इश्वर पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त सभामा भिक्षु मेघंकर र अनुपमा गुरुमांले धर्मदेशना गर्नुभएको थियो । विदुर मैनाली, सुखराम महर्जन र सुर्यलाल प्रजापतीले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम श्यामलाल चित्रकारले संचालन गर्नुभएको थियो ।

**टंगाल**

समुद्र- मन प्रतिष्ठानमा "वर्तमान नेपालमा शान्तिको आवश्यकता" विषयक विचार गोष्ठीको आयोजना गरिएको समाचार छ । उक्त गोष्ठीमा कृष्णकुमार श्रेष्ठ, राजपरिषद स्थायी समिति सदस्य गणेशबज्र लामा आदिले बोल्नु भएको थियो ।

**मित्रयुवा समूह**

राजधानीको मित्र युवा समूहले नेतृत्व एवं बौद्धिकताको विकास गर्ने लक्ष राखी उद्घोषण र वक्तृत्व तालिमको आयोजना गरिएको थियो । जुद्धोदय मा.वि.का प्रधान अध्यापक सूर्यराज शाक्यले उद्घाटन गर्नुभएको उक्त कार्यक्रम समूहका अध्यक्ष कुमारदेव मानन्धरको सभापतित्वमा संगीता श्रेष्ठले संचालन गर्नुभएको थियो ।

**श्री गणेश युवा क्लवमा रक्तदान**

गणेश युवा क्लवको आयोजनामा काठमाडौं महानगरपालिका २१ वडाका वडा अध्यक्ष विद्या सुन्दर शाक्यले क्लवका अध्यक्ष अष्टनारायण महर्जनलाई रगतको थैली (ब्लड पाकेट) हस्तान्तर गरी रक्तदान कार्यक्रम उद्घाटन गर्नु[illegible]एको थियो । उक्त कार्यक्रममा ५३ जना रक्तदाताह[illegible]दान गर्नुभएका थिए ।

**नेपालभाषा मिसा खलःको सेवा कार्यक्रमः–**

नेपालभाषा महिलासंघको तर्फबाट स्वयम्भू चैत्य दर्शन गर्न आएका भक्तजनहरूलाई पहिला जस्तै यसपाली पनि पानी र सर्वत पिलाई सेवा गरेका थिए।

**धुलिखेल–**

२५४६ औं बुद्ध पूर्णिमा र संजीवनी उच्च मा.वि. धुलिखेलको ५२ औं वार्षिकोत्सवको उपलक्ष्यमा विद्यालय परिसरमा स्थापित बुद्ध प्रतिमालाई भिक्षु अश्वघोष महास्थविरले अनावरण गर्नु भएको समाचार छ। २०४३ समूहका विद्यार्थीहरू द्वारा स्थापित उक्त बुद्ध प्रतिमा अनावरण कार्यक्रममा बौद्ध विधिपूर्वक परित्राण पाठ गरिएको थियो। भिक्षु गुणघोष महास्थविर पनि उपस्थित हुनु भएको उक्त कार्यक्रममा भिक्षु अश्वघोषले २०५८ सालमा प्रवेशिका परिक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने २ विद्यार्थीहरूलाई स्वर्ण पदक र तीन जनालाई रजत पदक वितरण गर्नुका साथै संजीवनी उच्च मा.वि.का कक्षा १२ मा उत्कृष्ट अंक प्राप्त गर्ने १० जना विद्यार्थीहरूलाई स्वर्ण पदक प्रदान गर्नुभएको थियो।

**बनेपा**

बनेपा बुद्धजयन्ती समारोह समितिको आयोजनामा २५४६ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा बुद्धप्रतिमा रथमा राखी रथयात्रा कार्यक्रमको आयोजना गरियो। उक्त रथयात्रा सुदर्शन विहारबाट शुरुभई नगरपरिक्रमापछि ध्यानकुटी विहारमा पुगेपछि बौद्ध सभामा परिणत भएको थियो। उक्त रथयात्रामा स्थानीय विभिन्न बाजागाजा तथा स्थानीय माध्यमिक विद्यालयका विद्यार्थी तथा बनेपा नगर प्रमुख सहित हजारौं भक्तजनको सहभागिता रहेको थियो।

शीलप्रार्थना र बुद्धपूजा कार्यक्रममा बोल्नु हुँदै भिक्षु अश्वघोष महास्थविरले गौतम बुद्धले दिनु भएको उपदेश मान्छेलाई असल मान्छे बनाउने शिक्षा हो भन्नु भयो। तसर्थ आज वैशाख पूर्णिमा एक दिन मात्र भए पनि शान्तपूर्वक असल मान्छे भई बस्न अठोट गरौं। असल मान्छे बन्नको लागि मानिसमा सहनशीलता, सेवा भाव र कर्तव्यपरायण गुणहरूहुनु जरुरी छ। उक्त अवसरमा बनेपा बुद्धजयन्ती समारोहका सचिव कृष्णगोपाल रंजित, अध्यक्ष दान बहादुर मानन्धर, कोषाध्यक्ष विनोद मानन्धर र चैतन्य माविका प्रधान अध्यापक राजभाई मानन्धर लगायतका वक्ताहरूले देशमा शान्ति छाओस् भन्ने कामना व्यक्त गर्नुभयो। कार्यक्रमको संचालन बुद्ध भ[illegible]ले गर्नुभएको थियो।

उपस्थित सबैलाई क्षीर भोजन प्रदान उपासिका रत्नमाया मानन्धरले गर्नुभयो।

**अस्पतालमा फलफूल वितरण**

वैशाख पूर्णिमाकै अवसरमा ध्यानकुटी विहारको तर्फबाट स्थानीय शीर मेमोरियल अस्पताका बिरामीहरूलाई फलफूल तथा बिस्कुट वितरण कार्यक्रम संचालन गरिएको थियो।

**बनेपा बोधिसत्व ल्यायम्ह पुचः**

२५४६ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बनेपा बोधिसत्व ल्यायम्ह पुचःको आयोजनामा आँखा दान र रक्तदान कार्यक्रमको आयोजना गरिएको समाचार छ।

**पाल्पा, तानसेन**

बुद्ध पूर्णिमा उपलक्ष्यमा तानसेनमा सप्ताह व्यापी कार्यक्रमको आयोजना गरी सम्पन्न भयो। उक्त कार्यक्रम अन्तर्गत पहिलो दिन ज्ञानमाला संघ आनन्दविहार र बौद्ध महिला समिति द्वारा भजन, बौद्ध झण्डोत्तोलन र शान्तिपद यात्रा, दोस्रो दिन विपश्यना ध्यान समूहको आयोजनामा महाबोधि विहार लहरे पीपलमा सामूहिक ध्यान कार्यक्रम सम्पन्न भएको थियो।

तेस्रो दिन त्यसैगरी पारिलैयक वन श्रीनगर वनमा पूजा, चौथो र पाँचौं दिन बौद्ध महिला सेवा समिति, बौद्ध सेवा समाज टक्सार, बौद्ध महिला दायक समितिद्वारा अस्पतालका बिरामीहरूलाई फलफूल वितरण गरिएको थियो भने ज्ञानमाला सभा टक्सारको आयोजनामा बौद्ध हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरिएको थियो। त्यसैगरी ज्ञानमाला सभा टक्सारको आयोजनामा सन्तोक बौद्धगुम्बा चिर्तुङ धारामा ज्ञानमाला भजन र प्रवचन गरिएको थियो। कार्यक्रमको समापन समारोहमा आनन्द विहार भीमसेन टोलमा ज्ञानमाला भजन, बुद्धपूजा र धर्मउपदेश कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा करुणा बौद्ध संघका अध्यक्ष छत्रराज शाक्य, दशरथमुनि शाक्य, विश्वमान वज्राचार्य, प्रेममान शाक्य, अनन्तकुमार वज्राचार्य लगायतले बुद्ध शिक्षा सम्बन्धी ज्ञान दिनु भएको थियो।

**कपिलवस्तु**

२५४६ औं बुद्धपूर्णिमाको अवसरमा गौतम बुद्धको बाल्यकालीन अवस्थाको पवित्र भूमि तिलौराकोट आएका विदेशी भिक्षुहरू कपिलवस्तुको जीर्णावस्था र लोप हुँदै गइरहेको पुरातात्विक अवशेषलाई देखेर रोए।

आफू तीन वर्ष अगाडि तिलौराकोट आउँदा जे-जस्तो तिलौराकोट देखेको थियो त्यस भन्दा पनि जीर्ण भइसकेको देख्दा मन थाम्न नसकी रुनु परेको बताउँदै एक भिक्षुले भने तिलौराकोटेको संरक्षण नहुने हो भने अबका तीन वर्षमा तिलौराकोटको नाम निसाना मेटिन सक्छ। उनको थप भनाई थियो- म बुद्धसँग प्रार्थना गर्दछु र यस भूमिको संरक्षण गर्न व्यवस्था होस्।

सो अवसरमा बुद्ध जयन्ती मनाउन आएका सयौं यात्रुहरू लुम्बिनीबाट तिलौराकोट अवलोकन गर्न आएका थिए।

## निशुल्क स्वास्थ्य शिविर

२५४६ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा भक्तपुर मैत्रेय युवा संघको आयोजनामा एकदिने नाक, कान र घाँटीको निशुल्क स्वास्थ्य कार्यक्रम संचालन गरिएको समाचार छ।

## भक्तपुरमा वक्तृत्वकला प्रतियोगिता

२५४६ औं बुद्धपूर्णिमाको अवसरमा भक्तपुर बौद्धसंघको आयोजनामा अन्तर मा.वि. स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको थियो। नौवटा स्कूलले भाग लिएको उक्त प्रतियोगितामा विद्या विकास आवासीय मा.वि. का मिरा हाडा प्रथम, वीरेन्द्र सैनिक आवासीय उच्च मा.वि.का सुदिप बलौला दोश्रो, एभरेष्ट इंग्लिस सेकेण्डरी स्कूलका इला राई तेश्रो र वीरेन्द्र सैनिक आवासीय उच्च मा.वि.का सरिता बुढाथोकीलाई शान्त्वना पुरस्कार प्राप्त भएको थियो।

बौद्ध संघका अध्यक्ष सिद्धिरत्न शाक्यको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा भिक्षु कोण्डञ्ञले विजयी प्रतियोगीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

## रोगीको सेवा नै बुद्धको सेवा

स्वयम्भूस्थित न्यानाङ फेलगिलिङ गुम्बा, शिक्षण अस्पताल महाराजगन्ज, नेपाल मेडिसिन बुद्धसेवा केन्द्र र बी.पी. कोइराला नेत्र अध्ययन केन्द्रद्वारा आइतबार संयुक्त रुपमा निशुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण गरियो।

उक्त शिविरमा आँखा, कान, नाक, घाँटी, हाइड्रोसिल लगायतका सम्पूर्ण रोगका करिब ३ हजार रोगीको स्वास्थोपचार गरिएको थियो।

## ललितपुर यम्पि विहार

बुद्धजयन्ती समारोह समिति यम्पि विहार ललितपुरको तत्वावधानमा बुद्धपूजा, धर्मदेशना सम्पन्न भयो। यम्पि विहारबाट बाजागाजासहित निकालिएको बुद्ध प्रतिमा यात्रामा हजारौं श्रद्धालु उपासक उपासिकाहरूले भाग लिएका थिए, ललितपुरका विभिन्न बौद्ध विहार भजन खलः, ज्ञानमाला भजन खलः लगायत सहभागी रहेको उक्त ऱ्याली ललितपुर क्षेत्रका विभिन्न ठाउँ परिक्रमा गरी अन्तमा यम्पि विहार पुगी सार्वजनिक सभामा परिणत भयो।

## समाज सेवाको रुपमा बुद्ध जयन्ती

२५४६ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा बासुदेव प्रसाद जोशी स्मृति प्रतिष्ठान र भक्तपुर अस्पताल विकास तथा सहयोग समितिबीच अस्पतालका लागि बेड लगायतका सामान हस्तान्तर गरिएको कार्यक्रममा भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. केशव भक्त श्रेष्ठ एवं भक्तपुर अस्पताल विकास तथा सहयोग समितिका अध्यक्ष तथा प्रतिष्ठानका अध्यक्षले समाजसेवाको भावना विकास गर्नु पर्ने विषयमा जोड दिनु भएको थियो।

## बुद्धको सम्झनामा अक्षयकोष

२५४६ औं बुद्धपूर्णिमाको अवसरमा राष्ट्रिय शान्ति दूत परिवारले "शान्तिको आवश्यकता र मुलुकको सुरक्षा विषयक प्रवचन कार्यक्रमको आयोजना गऱ्यो। राष्ट्रिय शान्ति दूत परिवारका अध्यक्ष सुषमा शर्मा उक्त कार्यक्रमको सभापति हुनुहुन्थ्यो। राष्ट्रिय सभासदस्य सांसद आषि बाबु परियारले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। डा. स्वामी रामानन्द सरस्वतीले गौतमबुद्धको उपदेशलाई आत्मसात गर्नुपर्ने बताउनु भयो। उक्त कार्यक्रममा बुद्धको सम्झनामा अक्षयकोष खडा गरिएको र त्यस कोषबाट बार्षिक रुपमा छात्रवृत्ति प्रदान गरिने जानकारी पनि दिइएको थियो।

## नगदेश

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः नगदेशको आयोजनामा नगदेश बुद्ध विहारमा शील प्रार्थना र बुद्ध पूजा सम्पन्न गरिएको समाचार छ। न्हुच्छे कुमार सिंकेमनको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा बुद्ध शिक्षाको महत्त्व दर्शाई आ-आफ्ना मन्तव्य प्रकाश पार्नु हुने महानुभावहरू यसरी हुनुहुन्थ्यो -

श्री लक्ष्मी कृष्ण श्रेष्ठ, श्री लक्ष्मण राजवाहक, श्री कृष्ण कुमार प्रजापति, श्री राम भक्त हाँय्जु, दीपकराज साँपाल आदि । श्री शिवभक्त मेजुले संचालन गर्नु भएको उक्त कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी सभा विसर्जन गरिएको थियो ।

## पोखरा

मानिसको रत्न प्रज्ञा हो, शान्तिको आज खाँचो छ, शान्तिका लागि एकजूट होऔं, वैरभावले वैरभाव शान्त हुँदैन आदि नारा लेखिएका प्ले कार्ड बोकेका नर नारीहरूले शान्ति रथ यात्रा सहित नगर परिक्रमा गरेको समाचार छ । सो रथयात्रा धर्मशीला बुद्ध विहार नदीपुर देखि प्रारम्भ गरी विन्धवासिनी मन्दिरको प्राङ्गणमा पुगी समारोहमा परिणत भएको थियो । उक्त समारोहमा बुद्ध जयन्ती समारोह मूल समिति काठमाडौंको प्रतिनिधित्त्व गरी आउनुभएका प्रमुख अतिथी भिक्षु सुशीलले धर्म देशना गर्नुभएको थियो ।

उक्त समारोहमा विशेष अतिथी राज परिषद सदस्य गणेश बहादुर गुरूङ्ग, पोखरा उपमहानगर-पालिका प्रमुख कृष्ण थापा, पोखरा विश्व विद्यालयका रजिष्ट्रार एवं प्रकाशमान गुभाजु, क्या. कृष्ण बहादुर थापा मगर लगायतले बुद्ध मार्ग अंगाल्न सके देशमा शान्ति छाउने विश्वास व्यक्त गर्नु भएको थियो ।

सुवर्ण वज्राचार्यको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा कृष्णमान गुभाजुले स्वागत भाषण गर्नु भएको थियो भने विक्रम बुद्धाचार्यले समारोह सञ्चालन गर्नुभएको थियो ।

यसरी नै पोखरा बौद्ध अर्घौं सदन रामघाटद्वारा आयोजित धार्मिक सभा एवं प्रवचन कार्यक्रम उद्योग वाणिज्य तथा आपूर्ति सहायक मन्त्री प्रकाश बहादुर गुरुङ्गले उद्घाटन गर्नुभएको समाचार छ । उक्त कार्यक्रममा मन्त्री प्रकाश वहादुर गुरुङ्ग, प्र.जि.अ. कास्की टीकाराम अर्याल, पो.उ.म.न.पा.का उपयुक्त क्या. मान वहादुर गुरुङ्ग, पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजु, सनातन धर्म सेवा समितिका केन्द्रिय उपाध्यक्ष रविन्द्र माकाजु, कृष्ण वहादुर गुरूङ्ग, देवीराज तमु आदि । उक्त सभामा भिक्षु सुशीलले शान्तिको प्रारम्भ अहंकारको त्यागले मात्र हुनेछ भन्नुहुँदै प्रवचन दिन[illegible] थियो ।

## कीर्तिपुर

नयाँ भजन खल: कीर्तिपुरले रक्तदान तथा नेत्रदान कार्यक्रमको आयोजना गरेको समाचार छ । उक्त कार्यक्रममा ४२ जना रक्तदाताहरूले रक्तदान गरे भने ९२ व्यक्तिहरूले नेत्रदान गरेको कुरा बुझिएको छ ।

## म्याग्दी

म्याग्दी बौद्ध संघद्वारा संचालित कार्यक्रममा एक शान्तिऱ्याली सम्पन्न गरिएको समाचार छ । म्याग्दी बौद्ध संघका अध्यक्ष यज्जनलाल शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा बुद्ध शिक्षाको महत्त्व दर्शाई मन्तव्य व्यक्त गर्नु हुने महानुभावहरू यसरी हुनुहुन्थ्यो- नवराज शर्मा, सुवासकुमार श्रेष्ठ, प्रकाश कुमार श्रेष्ठ आदि । कार्यक्रममा प्रमुख अतिथी शर्माले बौद्ध संघद्वारा आयोजित अन्तर मा.वि. स्तरिय वक्तृत्त्वकला प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने छात्रछात्रा र विद्यालयलाई नगद, प्रमाणपत्र र बुद्ध मूर्ति पुरस्कार प्रदान गर्नुभएको थियो । सफल प्रतियोगीहरूलाई क्रमश: रु. १५००।- रु. १२००।- रु. ९००।- रु. ६००।- प्रदान गरिएको थियो ।

यसरी नै महिला बौद्ध संघ म्याग्दीको आयोजनामा म्याग्दी अस्पतालका विरामीहरूलई फलफुल वितरण गरिएको समाचार छ ।

यसैगरी युवा बौद्ध संघद्वारा आयोजित "विश्व शान्तिका लागि बुद्ध शिक्षा" विषयक अन्तरमाध्यमिक विद्यालय स्तरिय वक्तृत्त्वकला प्रतियोगितामा न्यू वेष्ट पोइन्ट मा.वि.का विशाल भट्टचन प्रथम, प्रकाश मा.वि. वेनीका सुनील शर्मा द्वितीय र वेनी बोर्डिङ्गकी मेनुका शेरचन तृतीय भएको समाचार प्राप्त भएको छ ।

## इटहरीमा रक्तदान

गौतम बुद्ध परिनिर्वाण भएको २५४६ औं बुद्ध पूर्णिमाको अवसरमा नि:सहाय बालबालिका सेवा आश्रम इटहरीले यहाँ विश्व मानव शान्तिको कामना गर्दै एक ऱ्याली को आयोजना गऱ्यो । इटहरी नगरपालिकाको प्रांगणबाट निस्केको उक्त ऱ्याली नगर परिक्रमा गरी आश्रममा पुगेर सभामा परिणत भएको थियो । उक्त अवसरमा समाजसेवी नारायणबहादुर श्रेष्ठ, साहित्यकार जीवी लुगना र आश्रमका अध्यक्ष देवकीनन्दन अग्रवालले गौतम बुद्धका रचनात्मक शिक्षावारे प्रकाश पार्नुभयो । यसै उपलक्ष्यमा आयोजित रक्तदान कार्यक्रममा २७ जनाले रक्तदान गरे ।

त्यसैगरी निजानन्द बालसमिति मुक्ति धाम इटहरी द्वारा गौतम बुद्धको परिनिर्वाण भएको २५४६ औं बुद्धपूर्णिमाको अवसरमा शान्तिका लागि आध्यात्मिक ज्ञानको आवश्यकता विषयक वक्तृत्वकला प्रतियोगिताको आयोजना गरियो । सुनसरी जिल्लाका विभिन्न धार्मिक संघ संस्थाले भागलिएको उक्त प्रतियोगितामा सपना श्रेष्ठ पहिला, शान्ता खतिवडा दोश्रा, खगेन्द्र अधिकारी तेस्रा र सहारा सुब्बा तथा मनास्लु भण्डारीलाई सान्त्वना पुरस्कार प्रदान गरियो । विजयी प्रतियोगीहरूलाई इटहरी नगरपालिका-४ का वडाध्यक्ष रमेश विष्टले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नु भयो । कार्यक्रमको सभापतित्व निजानन्द बाल समितिका अध्यक्ष दीपक गौतमले गर्नु भएको थियो ।

**बालबालिका आश्रमलाई शैक्षिक सामग्री वितरण**

प्रजातान्त्रिक राष्ट्रिय युवा संघ महिला विभाग सुनसरीको सक्रियतामा २५४६ औं बुद्धपूर्णिमाको अवसर मा सुनसरीको दुहवीमा नि:सहाय बाल बालिका सेवा आश्रमका २० बालबालिकालाई शैक्षिक सामग्री वितरण गरियो । उत्त ? अवसरमा संघका केन्द्रीय सदस्य रेखा खतिवडाले अनाथ बाल बालिकालाई खुला हृदयले सहयोग गर्न सबैसंग आग्रह गर्नुभयो ।

**सम्यक शिक्षासमूह धरान**

सम्यक शिक्षा समूह र स्वयम्भू चैत्य महाविहार- द्वारा आयोजित रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष टोम प्रसाद आचार्यले रक्तदान जीवनदान हो बारे प्रकाश पार्नुभयो । कार्यक्रममा सभापतिको आसनबाट स्वयम्भू चैत्य महाविहार धरानका अध्यक्ष दुर्गा राज शाक्यले बुद्धका शान्ति सन्देशको सार्थकता अहिले पनि उत्तिकै रहेको बताउनु भयो ।

**बुद्ध जयन्तीमा काटमार नगर्ने निर्णय**

दोलखा १२ जेठ - दोलखा जिल्लाका हिन्दू धर्मावलम्बीले पुर्खौदेखि बुद्धजयन्तीका दिन पशु वध गरी मनाउने सांस्कृतिक पर्व दिवालीलाई अरु नै दिन मनाउने निर्णय गरी अनुकरणीय कार्यको थालनी गरेका छन् ।

धर्म, कला, संस्कृति र परम्पराप्रति नेपाली-नेपाली बीच अहिले सम्म विभेद देखिएको पाइँदैन । अहिंसाको सन्देश संसारभर फैलाउन सफल गौतम बुद्ध जन्मेको दिनमा नै बोका बली दिएर मनाइने दिवाली पर्वले बुद्धका अनुयायीलाई ठेस पुगेको महसुस गर्दै दिवाली पर्वका हिमायतीले गत वर्षदेखि सांस्कृतिक समर्पण अभियानलाई सुरु गरेका हुन् । पुर्खौदेखि कुलपूजा संज्ञा दिदै पशुवली दिएर मनाइने दिवालीलाई दोलखाका हिन्दू धर्मावलम्बीले बुद्ध जन्मिएको दिनमा नमनाएर अरु नै दिन मनाउने भए पछि बुद्ध धर्मावलम्बीले खुशी व्यक्त गरेका छन् । नेपाल र नेपालीको नभएर विश्वको आदर्शको रुपमा पुजिने गौतम बुद्धको जन्मदिनमा काटमार नगर्ने निर्णय दिवाली पर्व मान्नेहरूले गरेकोमा हामी त्यसको कदर गर्दछौं, नेपाल तामाङ घेदुङ संघका केन्द्रीय सदस्य निमा मोक्तानद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख छ । (साभार : कान्तिपुर दैनिक १३ जेठ २०५९)

**उर्लाबारी**

२५४६ औं बुद्धपूर्णिमाका अवसरमा पूर्वी मोरङको पथरी बजारमा १२ जेठ आइतबार शान्तिऱ्यालीको आयोजना गरियो ।

यस क्षेत्रको शनीश्चरे, पथरी, उर्लाबारी र मधुमल्लामा अवस्थित बौद्ध विहार गुम्बाको संयुक्त आयोजनामा आयोजित उक्त ऱ्याली पछि सभा भएको उक्त समारोहमा हजारौंको सहभागिता थियो ।

**बोधिचर्या विहारमा स्वास्थ्य शिविर**

बनेपा- २५४६ औं बुद्धपूर्णिमाको अवसरमा बनेपा बुद्ध जयन्ती समारोह समितिको आयोजना र नेपाल अकुपंचर तथा अनुसन्धान केन्द्र भक्तपुरको प्राविधिक सहयोगमा एक हप्ते नि:शुल्क अकुपंचर स्वास्थ्य उपचार शिविर बोधिचर्या विहारमा सम्पन्न भयो ।

उक्त शिविरमा दुईसय पचास जना बिरामीहरू लाभान्वित भएकाछन् । शिविर सम्पन्न भएको अवसरमा बोधिचर्या विहारका प्रमुख तथा धर्मानुशासक भिक्षु बोधिसेन महास्थविरले रोगीलाई सेवा गर्नु नै बुद्धको सेवा र पूजा गर्नु हो भन्ने उपदेश तथा असल कार्यमा पूर्णरूपले मन, वचन र कर्मले निरन्तर सेवा दिनु नै सत्य धर्ममा लाग्नु हो भन्नु भयो ।

उक्तशिविरमा धर्मरत्न महर्जन, सुरेन्द्र महर्जन, दिनेश किचु र रामदेव महतोले सेवा पुऱ्याउनु भएको थियो । बुद्धजयन्ती समारोहका अध्यक्ष दानबहादुर मानन्धरको सभापतित्वमा सम्पन्न कार्यक्रममा बु.ज.समितिका सचिव [illegible]गोपाल रंजितले स्वागत

मन्तव्य दिनु भएको थियो । उक्त अवसरमा सुगत शाक्य र सुश्री सुमन मानन्धरले शिविरको उपादेयता बारे बोल्नु भएको थियो ।

**लुम्बिनी**

२५४६ औं बुद्ध पूर्णिमाको अवसरमा भियतनाम विहारद्वारा आयोजित "लुम्बिनी विश्व शान्तिका लागि वार्ता गर्ने स्थल" विषयक अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिनुहुने सहभागीहरूले लुम्बिनीमा सभा एवं साँस्कृतिक केन्द्र ठूला होटल, मनोरञ्जनस्थल, उद्यान एवं अन्य भौतिक पूर्वाधार निर्माण गरिएको खण्डमा लुम्बिनी अर्न्तराष्ट्रिय समस्या समाधान गर्न वार्ता गर्न उपयुक्त थलोको रुपमा विकसित हुन सक्ने चर्चा गरेको वताइएको छ । आयोजक संस्था भियतनाम विहारका भिक्षु डा. लामले लुम्बिनीमा जन्मेका एउटा बालक सिद्धार्थले आफ्नो दर्शनबाट विश्वका मानव कल्याणतर्फ डोऱ्याएको हुँदा लुम्बिनीलाई विश्व वार्तास्थलको रुपमा विकास गर्ने सोच अघि बढाइएको कुरा बताउनुभयो । यसरी नै अमेरिकी सहभागी प्रो. आफ. मिडिलिन डा. ब्राइन डब्लु कोभले भन्नुभयो "विश्वमा देखापरेको विषय परिस्थितीमा बुद्धका करुणा र दया जस्ता दर्शनलाई मानव जातिले अंगिकार गरी प्रेम र सद्भाव वृद्धि गर्नुपर्ने बेला आइसकेको छ । करुणाका प्रतिमूर्ति बुद्ध जन्मस्थललाई विश्व शान्तिका लागि सम्मेलन केन्द्रको रुपमा विकास गरिएमा त्यसले विश्वलाई नयाँ आशाको किरण प्रदान गर्नेछ ।

यसरी नै उक्त गोष्ठीमा लुम्बिनी विकास कोषका उपाध्यक्ष ओमकार गौचन, थाइलैण्डका विद्वान डा. प्रिचा, लुम्बिनी विकास परिषदका सदस्य गोविन्द चित्रकार, रेयुकाई अन्तर्राष्ट्रिय केन्द्रका निर्देशक डा. किस्टोफ कुपस, पत्रकार दिलिप भट्टराई, प्रो.डा. राजबहादुर सिंह, आदिले शान्ति नायक बुद्धको देन र आजको सन्दर्भमा शान्तिको खाँचो विषयलाई लिई आ-आफ्नो मन्तव्य प्रकट गर्नु भएको थियो । उक्त गोष्ठीमा नेपाल, चीन, भियतनाम, म्यानमार, जापान, श्रीलंका, थाइलैण्ड, अमेरीका आदि देशका विद्वान एवं नेपाली पत्रकारहरू तथा लुम्बिनी विकास कोषमा पदाधिकारीहरूको सहभागिता रहेको कुरा बुझिन आएको छ ।

**रामेछाप**

बुद्धिष्ट समाज जिल्लाशाखा रामेछापको आयोजनामा निकालिएको [illegible]न्ति जुलुसले मन्थली बजार परिक्रमा गरी शान्ति कामना गरिएको समाचार छ । प्रमुख जिल्ला अधिकारी यादव ढुंगाना, जिविसका कार्यवाहक सभापति रमेशकुमार बस्नेत लगायत जिविस परिवार सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, पत्रकारहरू, बौद्ध लामा तथा गुरु पुरोहितहरूले समेत भाग लिएको उक्त पदयात्रामा विभिन्न झाँकी सहितको संस्कृति प्रदर्शन गरिएको समाचार छ ।

**इलाम**

इलाम बजारमा पनि विश्वशान्ति पदयात्राको आयोजना गरिएको समाचार छ । थर्बोलिङ गुम्वा इलाम-८ र बौद्ध समुदायद्वारा पदयात्रा र नगर परिक्रमा कार्यक्रम आयोजना गरिएको कुरा बुझिएको छ ।

## बौद्ध भिक्षु अध्ययन केन्द्र शिलान्यास

**पोखरा**

२५४६ औं बुद्ध पूर्णिमाको उपलक्षमा उद्योग वाणिज्य तथा आपूर्ति सहायक मन्त्री प्रकाश बहादुर गुरुङले पोखरा उपमहानगरपालिका रामघाट स्थित बौद्ध अर्धौ सदनको हातामा निर्माण गरिने बौद्ध शिक्षा अध्ययन केन्द्रको शिलान्यास गर्नुभएको समाचार छ । करीव २१ लाख रुपैयाँ खर्च लाग्ने भनिएको सो भवन तीन तले र १२ कोठा सहितको हुने कुरा थाहा हुन आएको छ ।

## लुम्बिनी महोत्सव सम्पन्न

२०५९ जेठ १२ गते

लुम्बिनीमा लुम्बिनी महोत्सवको रुपमा २५४६ औं बुद्ध पूर्णिमा नयाँ निर्माण भइरहेको मायादेवी मन्दिरमा मायादेवी र सिद्धार्थको प्रतिमा प्रतिस्थापन गरी हर्षोल्लासपूर्वक मनाइएको समाचार छ ।

मायादेवी प्रतिमा प्रतिस्थापन पछि उक्त मन्दिरमा प्रधानमन्त्री शेरबहादुर देउवाको समुपस्थितीमा श्रीलंकाका भिक्षु, वर्मी भिक्षु, भिक्षु विमलानन्द, धम्मवती गुरुमां लगायत अन्य एक वर्मी गुरुमा आदि सहित एक समूहले बौद्ध चरित्र अनुसार बुद्ध पूजा पनि गर्नुभएको कुरा बुझिन आएको छ ।

## बुद्धपूर्णिमा महोत्सव

लुम्बिनी धर्मोदय उपसमिति, राजकीय बुद्ध विहार लुम्बिनीले भिक्षु श्री विमलानन्द महास्थविरको संयोजकत्वमा ८१ सदस्यिय २५४६ औं बुद्ध जयन्ति तथा लुम्बिनी दिवस समारोह समिति गठन गरी लुम्बिनीमा ३ दिने कार्यक्रम भव्य रुपमा सम्पन्न गरिएको समाचार

छ । प्राप्त समाचार अनुसार जेठ ११ देखि १३ सम्म संचालित उक्त कार्यक्रममा शील प्रार्थना, बुद्धपूजा, दीप प्रज्ज्वलन, ज्ञानमाला भजन, बुद्ध प्रतिमा राखिएको रथयात्रा, भिक्षु भिक्षुणीहरूलाई भोजन दान आदि कार्यक्रम पनि संचालन गरिएको थियो ।

**ध्यानकुटी विहारमा ज्ञानमाला भजन**

२०५९ जेठ १५

संघारामका प्रकाश ताम्राकार प्रमुख ज्ञानमाला भजन खल: र शारदा तुलाधर, पंचकुमारी नकर्मी प्रमुख उपासकोपासिकाहरूको एक समूहले विहान देखि बुद्धपूजा, धर्मदेशना श्रवण र ज्ञानमाला भजन गरी दिनभरी ध्यानकुटी विहारमा धार्मिक जीवन विताएको समाचार छ ।

भिक्षु अश्वघोष महास्थविरको तर्फबाट धर्मदेशना श्रवणगरी उहाँहरूले भिक्षुहरूलाई दान प्रदान गरी भिक्षु संघलाई संघदान पनि गर्नुभएको थियो ।

उक्तदिन दाता चलिशोभा कंसाकार परिवारले ध्यानकुटी वालआश्रमका बालिकाहरू, कर्मचारीहरू एवं संघारामबाट आउनुभएका ९० जना उपासकोपासिकाहरूलाई जलपान र भोजनको व्यवस्था मिलाउनु भएको थियो ।

समूहका सबै दाताहरू मिली ध्यानकुटी बालआश्रमलाई रु १८००।- आर्थिक सहयोग समेत प्रदान गरिएको पनि समाचार छ ।

**ध्यानकुटी बाल आश्रमलाई सहयोग**

ध्यानकुटी मेत्तासेन्टर बाल आश्रमलाई विभिन्न दाताहरूले यसरी सहयोग गर्नुभएका छन्-

- Amanda khaleel and Bert, Netherland - रु. १,०५००।-
- केशावती तुलाधर, रुपकेशरी स्थापित - रु ५२५।-

**यसरी नै रु २००।- दिई सहयोग गर्ने दाताहरू-**

शारदा तुलाधर, बद्रीमाया, गुण लक्ष्मी, ज्योती ।

- तुयूलक्ष्मी शाक्य, रीता, रत्नदेवी ताम्राकार, कृष्णदेवी, मीना मानन्धर, लक्ष्मी मैंया बनिया, दुर्गादेवी, जगमाया, पुनदेवी आदिबाट प्राप्त भएको एकमूष्ट रु. ७५१।-

ल.पु. राजेन्द्र शाक्य, रमला शाक्य परिवारले मेत्ता सेन्टर ध्यानकुटी बाल आश्रमका बालबालिकाहरूलाई भोजन दान र लुगा कपडाहरू प्रदान गरिएको छ । शारदा वज्राचार्यले एकजना बालिकाको निमित्त एक वर्षको लागि रु. ६०००।- श्यामलाल चित्रकार रु. १०००।-

**"काँक्रे विहार" विमोचन**

२०५९ बैशाख २९ गते सुमंगल विहार पाटन

सत्य सन्देश प्रचारक प्रकाशन काठमाडौं, भिक्षु संघरक्षितद्वारा अनुसन्धानात्मक खोजनीति एवं अध्ययन मननबाट रचना गरिएको "मध्य पश्चिमाञ्चलको एक मध्यकालिन बौद्ध केन्द्र- काँक्रेविहार" पाटनस्थित श्री सुमंलग विहारमा एक समारोह विच विमोचन गरिएको समाचार छ ।

श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा लेखक भिक्षुको पूजनीय माता श्रीमती रत्नमाया महर्जनको करकमलबाट कृति विमोचन गरिएको उक्त कार्यक्रममा टिप्पणीकार एवं समीक्षक प्रा. सुवर्ण शाक्यले भन्नुभयो - "बौद्ध इतिहासमा अति उपयोगी शोध ग्रन्थ बनेको छ - काँक्रेविहार कृति । आफ्नै विशिष्ट महत्त्वले भरिएको प्रस्तुत कृति बौद्ध इतिहासमा एउटा नौलो आयामको प्राप्ति हो भने प्रव्रजित भएर पनि जन्मदाता आमाको मुख हेर्ने अवसरमा आमाकै हातबाट कृति विमोचित गराएको वास्तवमै प्रशंसनीय र स्मरणीय रहेको छ ।"

**बौद्ध जागरण गोष्ठी**

२०५८ जेठ २५ - २७ तक

बौद्ध शान्ति निकेतन विहार, कमलादी ।

सम्यक बोधि समाज टँहिटीया आयोजनाय् "शान्तिपूर्ण व उन्नतिशील समाज निर्माणया लागि सम्यक जीवन पद्धति" विषयस बौद्ध जागरण गोष्ठी क्वचा:गु समाचार दु ।

चतुआर्य सत्यया लिधंसाय न्ह्या:गु थुगु गोष्ठीया ज्याझ्वले नवानादीपिं वक्तापिं थुकथं उल्लेख जुयाच्वंगु दु-

प्रो. आशाराम शाक्य, भाजु विपेन्द्र महर्जन, भिक्षु आनन्द, भिक्षु सुशील, भाजु मिन वहादुर शाक्य, भिक्षु सुदर्शन महास्थविर, डा. लक्ष्मण शाक्य, भाजु हर्षमुनी शाक्य, मय्जु सविता धाख्वा, डा. सानुभाई डंगोल, भाजु दुर्गालाल शिल्पकार, भाजु महेन्द्र रत्न शाक्य, भाजु शाकय सुरेन व भाजु शान्तराज शाक्य आदि ।

**प्रज्ञा महाविहार हेटौंडा**

२०५९ जेठ १२ । प्रज्ञा महाविहार हेटौंडा

शान्तिका प्रवर्तक शाक्यमुनीबुद्धको गुण स्मरण गर्दै २५४६ औं बुद्ध पूर्णिमा भव्यरूपले मनाइएको समाचार प्राप्त भए[illegible] । बुद्ध प्रतिमा सहितको

शान्तिऱ्यालीमा स्कुलको छात्रछात्राहरू, उपासक उपासिकाहरू, नगरका विशिष्ट महानुभावहरू लगायत संघसंस्थाका महानुभावहरूको पनि उपस्थिती रहेको थियो । शान्तिपदयात्रामा जानु अगाडि काठमाडौं चोभार स्थित सुलक्षण कीर्ति विहारका गुरुमांहरू अनुला र अतुलावाट बुद्ध पूजा गराइएको थियो । सोहीदिन वेलुकी गुरुमांहरूकोतर्फबाट धर्मदेशना भएको थियो । ज्ञानमाला भजन लगायत दिपावली पनि गरिएको उक्त कार्यक्रममा प्रज्ञा महाविहारका सचिव पवन शाक्यबाट धन्यवाद ज्ञापन गरिएको थियो ।

## विराटनगर–बुद्धविहार

जेठ ६ गते देखि १२ गते सम्म सप्ताहव्यापी कार्यक्रम संचालन गरी २५४६ औं बुद्ध पूर्णिमा उपासिका संघको आयोजनामा मनाइएको समाचार छ । उक्त कार्यक्रम अवधिभर बुद्धपूजा, दिपावली, ज्ञानमाला भजन, कल्पवृक्ष दान, गिलान पूजा, नाम संगति पाठ, गरिएको थियो । युवा बौद्ध संघको आयोजनामा आयोजित अन्तर माध्यमिक बौद्ध हाजिर जवाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगीहरूलाई पुरस्कार पनि प्रदान गरिएको थियो ।

विराट बौद्ध संघको आयोजनामा आयोजित प्रवचन गोष्ठीमा प्रमुख अतिथी भिक्षु श्रद्धानन्द हुनुहुन्थ्यो । धर्मकुमार हलुवाईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मोहन प्रसाद शाक्यले स्वागत मन्तव्य दिनुभएको थियो भने ऋद्धिहर्ष बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभई सत्यनारायण ताम्राकारले सभा संचालन गर्नुभएको थियो । उक्त प्रवचन गोष्ठीमा वाचन गरिएका लेख र लेखकहरू यसरी रहेको उल्लेखित छन् । बौद्ध धर्ममा विभिन्न यान- प्रा. इश्वर गोबिन्द श्रेष्ठ, बुद्ध धर्म र पर्यावरण - दिनेश श्रेष्ठ, बुद्ध धर्म र आधुनिक सिद्धान्त- प्रा.देवी पंन्थी, लुम्बिनीको ऐतिहासिक महत्त्व- डा. विमला श्रेष्ठ, आदि ।

जेठ १२ गते बुद्ध जयन्ती समारोह समितिको आयोजनामा विहान बुद्ध प्रतिमा राखी शान्तिपद यात्रा समापन गरी धार्मिक सभा गरिएको थियो । उक्त सभाका प्रमुख अतिथी चन्द्र पौडेल र विशिष्ट अतिथीहरू दोलख वहादुर गुरुङ्ग, छोकपा शेर्पा आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

उक्त समारोहमा बुद्ध विहार निर्माणका लागि जग्गा दान दिने दाता चिर[illegible] दाहाल, यस वर्षको जेष्ठ बौद्ध उपासिका चन्द्रमाया तुलाधरलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो भने विहार निर्माणका लागि रु २१००१।- रकम आर्थिक सहयोग गर्नुहुने महानुभावलाई खाडा ओढाई सम्मान गरिएको थियो । श्रीमती लक्ष्मी प्रधानले स्वागत मन्तव्य र मोहनप्रसाद शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रम शोनीला शाक्यले संचालन गर्नुभएको थियो । अन्त्यमा ध्यान र गिलानपूजा गरी कार्यक्रम समापन गरिएको थियो ।

## शोक सभा

बोधिसत्त्व विहार ।

बोधिसत्त्व विहारको आयोजनामा आजिवन सदस्य दिवंगत श्रीमती कृष्ण माया तामाङ्गको गुणानुस्मरण गरी १ मिनेट मौन धारण गरी शोक सभा मनाइएको समाचार छ। उक्त अवसरमा उपासिका सुमनादेवी शाक्य र दिलकुमारी शाक्यले आ-आफ्नो मन्तव्य व्यक्त गरी पुण्यानुमोदन पनि गरिएको कुरा बुझिन आएको छ ।

## प्रज्ञानन्द गुणानुस्मरण दिवस

२०५९ जेठ १ गते । शाक्यसिंह विहार, ललितपुर

दिवंगत पूज्यपाद संघ महानायक प्रज्ञानन्द महास्थविरको १०२ औं जन्मोत्सवको उपलक्षमा उहाँको गुणानुस्मरण दिवस बुद्ध पूजा, धर्मदेशना, पुस्तक विमोचन र दान प्रदान आदि विभिन्न पुण्य कार्यहरू संचालन गरी मनाइएको समाचार छ ।

## विश्व शान्ति कामना

कीर्तिपुर नगर पालिका, वडा नं. ४, गुत्पौ त्वा:

समग्र ज्ञानमाला भजन खल: को आयोजनामा विश्वशान्ति कामना गरी धार्मिक कार्यक्रम सम्पन्न गरिएको समाचार छ । उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर, अनोजा गुरुमां, हर्षमुनी शाक्य र विपेन्द्र महर्जन आदिले आ-आफ्नो मन्तव्य पोख्नु भएका थिए ।

## पुरस्कार वितरण

२०५९ वैशाख ८

ललितपुर उप महानगरपालिका प्रमुख बुद्धिराज वज्राचार्यको प्रमुख आतिथ्यमा दीपंकर परियत्ति शिक्षालयको वार्षिक उत्सव र यस शिक्षालयको तर्फबाट परियत्ति शिक्षा उतीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको समाचार छ ।

## बौद्धमा बौद्ध जागरण प्रशिक्षण शिविर

२०५९ जेठ ४ ।

हिमाली बौद्ध शिक्षण संस्था ललितपुरद्वारा प्रायोजित हिमालय बौद्ध परम्परा संरक्षण समितिको आयोजनामा दुईदिने बौद्ध जागरण प्रशिक्षण शिविर संचालन गरिएको समाचार छ । नेपालको आदिवासी जनजाति मूलक क्याम्पस स्तरका विद्यार्थीहरूलाई बौद्ध धर्म विषयमा सचेत गराई जागरण ल्याउने उद्देश्यले आयोजित उक्त शिविरमा प्रमुख अतिथि तेङपोछे अवतारी लामा ङग्वाङ तेन्जीन जाङ्पो रिन्पोछेले शिक्षा, धर्म र सँस्कृति वारे ज्ञान हासिल गर्नको लागि यस्ता प्रशिक्षण शिविरहरुको महत्त्व वारे प्रकाश पार्नुभयो । उद्घाटन समारोहमा मिङ्मा छिरिङ शेर्पाले स्वागत भाषण गर्नुभएको थियो भने आङ देण्डी शेर्पाले केन्द्रको तर्फबाट कार्यक्रम सफलताको शुभकामना दिनुभएको थियो । नेपाल तामाङ घेदुङ (संघ), नेपाल मगर संघ, तमु (गुरुङ) बौद्ध सेवा समिति र यम्पु शेर्पी लोप्टा छोग्पा (नेपाल शेर्पा विद्यार्थी मञ्च) तथा योल्मो समाज सेवा संघ मार्फत् विद्यार्थी (सहभागी) प्रतिनिधिहरूले शुभकामना मन्तव्य व्यक्त गरेको उक्त समारोहमा खेन्पो ङगवाङ वोशेर लामाले सभापतिको आशनबाट बौद्ध धर्मको महत्त्व माथि प्रकाश पार्दै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रम काजी शेर्पाले संचालन गर्नुभएको थियो । उक्त प्रशिक्षण शिविरमा उपयुक्त जातिय संघ संस्थाका ६।६ जना विद्यार्थी र नेपाल शेर्पा विद्यार्थी मञ्चबाट २५ गरी जम्मा ५० जना विद्यार्थीहरूलाई सहभागी गराइएको थियो र साथै धेरै संख्यामा श्रद्धालु भक्तजन तथा पर्यवेक्षकहरूको उपस्थिति रहेको थियो । बौद्ध जागरण प्रशिक्षण शिविरमा प्रशिक्षण दिने प्रशिक्षक र प्रशिक्षणको विषय तथा समयहरू निम्नप्रकारका छन् ।

- ✡ क्याम्डो (त्रिशरणगमन) - खेनपो ङग्वाङ वोशेर लामा
- ✡ अर्न्तराष्ट्रिय जगतमा बौद्ध धर्मका महत्व - डा. सुनन्द महास्थविर
- ✡ थेग्पारिम्पा सुम (त्रियान) - खेनपो ङग्वाङ छुल्ठिम
- ✡ स्यिङा (पंचशील) - खेन्पो ङग्वाङ वोशेर लामा
- ✡ ज्हङछुयुबतु सेम्कयेद्पा (बोधिचित्तोत्पाद) - लोब्पोन ङग्वाङ लुडुब
- ✡ बौद्ध धर्म र आदिवासी जनजाति - हर्षमणि शाक्य
- ✡ बौद्ध धर्म र संघका विशेषता - भिक्षु अश्वघोष महास्थविर
- ✡ छ्योलुग स्यी (चार सम्प्रदाय) - लोप्पोन सङ्ग्य शेर्पा लामा
- ✡ बौद्ध धर्मका आचार ब्यवहार - भिक्षु सुदर्शन महास्थविर

## प्रश्नोत्तर कार्यक्रम

प्रश्न : बुद्ध धर्म बारे तपाईलाई राम्रो लाग्ने र नराम्रो लाग्ने चिज के हो ?

उत्तर : मलाई बुद्धका शिक्षाहरू राम्रो लाग्छ तर बुद्ध धर्मका ज्ञान गुणका कुराहरू सिकाउने विद्यालयन नहुनु नराम्रो लाग्छ ।

प्रश्न : बौद्ध धर्म मान्ने लामा र उपासकहरूले दशैं मान्नु हुन्छ ?

उत्तर : लाखौं प्राणीको हत्या गरेर चाड मान्नु हुँदैन ।

प्रश्न : बुद्धका जन्मभूमि नेपाललाई "नेपाल हिन्दु अधिराज्य" भन्दा कस्तो लाग्छ र कस्तो हुनुपर्छ ?

उत्तर : बुद्धका जन्मभूमि नेपाललाई "नेपाल हिन्दु अधिराज्य" भन्दा नमिठो लागेको र चित्त दुखेको छ । (यसलाई ४०% विद्यार्थीले धर्म निरपेक्ष देश हुनुपर्छ भनिएको छ भने ४०% विद्यार्थीले .........नेपाल अधिराज्य हुनुपर्ने र १० प्रतिशतले समिश्रण हुनु पर्ने कुरा बताएका छन्)

उक्त प्रश्नोत्तर कार्यक्रममा जाङपो लामा (योल्मो, किउल ९ सिन्धुपाल्चोक) प्रथम, पेमवा छिरिङ शेर्पा (बुद्ध एकेडमी, बौद्ध जोरपारी) द्वितिय, मनु थापा मगर र धर्म कुमार पुलामी मगर (नेपाल मगर संघ, काठमाडौं) तृतिय हुनुभएको छ ।

जेष्ठ ५ गते समापन समारोहका प्रमुख अतिथि राज्यसभाका सांसद याङकीला शेर्पाले सहभागीह/लाई प्रमाण-पत्र वितरण गर्नुहुँदै सांसद मनोनित भएयता आफू धार्मिक कार्यक्रममा उपस्थित भएको यो पहिलो पटक हो । आफूलाई यो कार्यक्रम राम्रो लागेको र यस्ता कार्यक्रमको लागी आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने वचन दिनुभयो । उक्त समापन समारोहमा तेङपोछे गोम्पाका अवतारी लामा ङग्वाङ तेन्जिनजाङ्पो रिनपोक्षे र भिक्षु सुदर्शन महास्थविर पनि उपस्थित हुनुहुन्थ्यो । आयोजक समितिका अध्यक्ष खेन्पो ङग्वाङ वोशेर लामाको अध्यक्षतामा सम्पन्न उक्त समापन समारोहमा पूर्व उपसभापति आङ टावा शेर्पा (रामेछाप) ले पनि बोल्नु भएको थियो ।

## "कर्म र कर्मफल" पुस्तक विमोचान

२०५९ जेष्ठ २० गते सत्यसन्देश प्रचारक प्रकाशन, काठमाडौं । जेष्ठ २० गते सोमवार (अष्टमी), २०५९ ।

सत्त्वप्राणीमात्रले गरिने कर्म र त्यसबाट भोग गर्नुपर्ने कर्मफल विषयमा विस्तृत उपमासहित व्याख्या रहेको श्रद्धेय भिक्षु अश्वघोष महास्थविर "अग्गमहासद्धम्म जोतिकधज" द्वारा लिखित एवं भिक्षु संघरक्षित, संघारामबाट अनूदित तथा सम्पादित "कर्म र कर्मफल" पुस्तक सत्यसन्देश [illegible]क प्रकाशनको ११ औं

कृतिका रूपमा प्रकाशित भएर यहाँको लुभू-ललितपुर स्थित श्री सुवर्ण छत्रपुर विहारमा एक समारोह गरी विमोचन भयो। लुभू गा.वि.स.का अध्यक्ष श्री हरिगोविन्द श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त विमोचन समारोहमा स्वागत मन्तव्य र मन्तव्यको लगत्तै उहाँको करकमलबाट सुसम्पन्न गरियो।

### विशुद्धिमार्ग नि:शुल्क वितरण

२०५९ वैशाख २८ गते विश्वशान्ति विहारमा भव्य समारोह बीच काठमाडौं महानगर पालिकाका मेयर केशव स्थापित ज्यूले बुद्ध धर्मका महत्वपूर्ण पुस्तक विशुद्धिमार्गको विमोचन गर्नु भएको थियो। उक्त पुस्तक बुद्धसम्बत ९४५ को समयको अर्थकथाचार्य बुद्धघोष महास्थविरद्वारा रचित ग्रन्थ हो । हाल भिक्षु सम्यक् सम्बोधि (विशुद्धानन्दद्वारा) अनुवाद गर्नु भएको र भिक्षु कोण्डन्यले सम्पादन गर्नु भएको हो । ठूलो साइजको ६१० पृष्ठको पुस्तक विमोचनका दिन सहभागी १८ सय व्यक्तिहरूलाई नि:शुल्क वितरण गरिएको थियो । त्यत्तिका उपस्थित सहभागीहरूलाई त्यत्रो मोटो पुस्तक नि:शुल्क वितरण गरिएको यो पहिलो पटक हो।

उक्तदिन अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष बुद्धघोष महास्थविरको सभापतित्वमा उक्त पुस्तक विमोचन गरिएको थियो । उक्त अवसरमा भिक्षु कोण्डन्यले आफू उक्त पुस्तकको सम्पादक कसरी बनियो भन्ने विषयमा स्पष्ट पार्नु भएको थियो। पुस्तकालय र संघसंस्थाहरूका लागि अहिले पनि उक्त पुस्तक नि:शुल्क उपलब्ध गराइरहेको कुरा बुझिन आएको छ।

### बौद्ध परियत्ति शिक्षा विकासको बैठक

२०५९ बैशाख ६ गतेको दिन होटेल ब्लू स्टार त्रिपुरेश्वर मा बौद्ध महिला संघ नेपाल तथा नेपाल बौद्ध परियत्ति शिक्षा व्यवस्थापन समितिको संयुक्त तत्वावधानमा नेपाल बौद्ध परियत्ति शिक्षा विकासको एक बैठक बसेको थियो।

यो गत २०५७ साल असोज ७ र ८ गते बौद्ध महिला संघ नेपालले आयोजना गरेको "बौद्ध परियत्ति शिक्षा कार्यशाला गोष्ठी" को समीक्षा बैठक हो।

पंचशील प्रार्थनाबाट शुरु भएको उक्त बैठक अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको सभापतित्वमा संचालन भएको थियो। नेपाल बौद्ध परियत्ति शिक्षा व्यवस्थापन समितिको संयोजक श्री पद्म ज्योतिको स[illegible] भाषण र सहसंयोजक श्री ठाकुरमान शाक्यको प्रगति विवरण र बौद्ध महिला संघका सदस्य श्रीमती डा. केशरी लक्ष्मी मानन्धरबाट बैठकको उद्देश्यको जानकारीबाट अघि बढेको उक्त बैठकमा परियत्ति शिक्षाको पाठचक्रम निर्माण तथा पाठच पुस्तक प्रकाशन र व्यवस्थापन समितिका संयोजक श्रद्धेय भिक्षु कोण्डन्य र शिक्षक शिक्षिका तालीमका संयोजक गुरुमांको ञाणवति आ-आफ्नो पक्षको प्रगति विवरणको प्रस्तुति पछि बौद्ध परियत्ति शिक्षाका सह शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपुर्णिक महास्थविरले आफ्नो मन्तव्य दिनु भएको थियो। बौद्ध महिला संघका अध्यक्ष श्रीमती बिमला बज्राचार्यको धन्यवाद ज्ञापन पछि बैठक समाप्त भएको थियो।

उक्त बैठकमा नेपाल बौद्ध परियत्ति शिक्षा सभाको सदस्यता शुल्क करीब रु. २,५०,०००/- (दुई लाख पचास हजार) उठेको जानकारी दिइएको थियो।

### बुद्ध मूर्ति उद्घाटन

२०५८ चैत्र ३१ गौतमी भिक्षुणी विहार । लुम्बिनी। दिवंगत पूर्णदेवी कंसाकार असं किसि ध्वाखाया पुण्य स्मृतिस वयक:या दकिला तिथिस गौतमी भिक्षुणी विहार, लुम्बिनीस वय्क:या परिवार पाखें दुरु लोहंयाम्ह पद्माशन मुद्राया बुद्ध मूर्ति पलिस्था या:गु समाचार दु। बर्मी गुरुमां दोगुणवतिं उद्घाटन याना बिज्या:म्ह उगु बुद्ध मूर्ति म्यानमार (बर्मा) य् वि.सं. २०५४ आषाढ २३ गते उ बो टोके एण्ड ब्रदर्स पाखें दय्का: हितेथी एशोशियशनया अध्यक्ष उ माउंगथाण्ड परिवारपाखें ल:ल्हा:गु खँ सीदु। थुगु बुद्ध मूर्ति निर्माणकर्ता जय बुद्ध निर्माण सेवा प्रा.लि. या ग्वाहालिं स्थापना जूगु खँ नं समाचारय् न्ह्यथनात:गु दु।

**दिवंगत पूर्णदेवी कंसाकारया परिवारपिनिं नां धल:**

| | |
|---|---|
| स्व. पति केशरमान तुलाधर | *काय्भाजुपिं/भौ मय्जुपिं* |
| किजावत अंगुरमान | सुशीलमान/अमृतशोभा |
| भौमय्जु सूर्यलक्ष्मी | जयन्तिमान/गीता |
| केहेंवत रुपकमल | अरविन्दमान/सलिना |
| म्ह्याय् मय्जु किशोरीकमल | महेन्द्रमान/सुनिता |
| *छ्य् भाजुपिं* | जितेन्द्रमान/नविना |
| सोहिलमान, बृहतमान | *छ्य्मय्जुपिं* |
| अनिलमान, अजितमान | करुणाकमल |
| योजन मान | कोमलकमल |



गौतमी विहार लुम्बिनी पलिस्था या:म्ह दुरुलोहंयाम्ह बुद्धमूर्ति ।

## खाएको धूस फिर्ता !

इलाका प्रशासन कार्यालय वालिङका अधिकृत गोविन्द सापकोटाले राहदानी वितरण गर्ने क्रममा राजस्वबाहेक खाएको १० हजार रुपैयाँ पुन: फिर्ता गरेर आफ्नो इमानदारीको परिचय दिएका छन् । मालुङ्गा गाउँ विकास समिति- ३ घर भएकी लक्ष्मी बस्यालको राहदानी बनाउँदा निजको मातहतमा इलाका प्रशासन कार्यालयका एकाउन्टेन्ट शालिकराम अर्यालले सो रकम लिएका थिए । देशभरि नै राहदानी बुक सिद्धिएर ठूलो समस्या पैदा भएको अवस्थामा निज सापकोटाले राजस्वबाहेक १० हजार रुपैयाँ १५१५१४९ को राहदानी ५ मार्च, २००१ का दिन जारी गरेका थिए ।

वालिङ नगरपालिकामा खरिदारसरहको जागिर गर्ने नेत्रप्रसाद पाण्डेयले आफ्नी माइजूको राहदानी बनाउँदा तिरेको राजस्वबाहेक १० हजार र पुन: फिर्ता लिएको १० हजारको नोट नम्बरसमेत आफूसँग रहेको बताए । घूस काण्डमा इलाका प्रशासन कार्यालयका अधिकृत गोविन्द सापकोटा, सुब्बा केशव आचार्य र एकाउन्टेन्ट शालिकराम अर्यालको मिलेमतो भएको बुझिएको छ । वालिङ नगरपालिकाका मेयर भोजराज अर्यालले फोनमार्फत खाएको सम्पूर्ण रुपैयाँ फिर्ता नगराए दोस्रो प्रोसेस सुरु गर्ने ठाडो शब्दमा चेतावनी दिएपछि सो खाइएको रकम लिनेद्वारा नै फिर्ता गरिएको नेत्रप्रसाद पाण्डेयले राजधानीलाई बताउनुभयो । *साभार : राजधानी*

## सुवर्ण छत्रपुर विहारया

### थीथी ज्याझ्व:त

सुवर्ण छत्रपुर विहारया आयोजनाय् थीथी दिनय् थीथी ज्याझ्व: क्वचायकूगु समाचार थुकथं प्राप्त जूगु दु ।

१. २०५९ वैशाख २१ गते नियमित बुद्ध पूजा व स्वास्थ्य शिविर ।
२. २०५९ जेठ ८-१२ । २५४६ औं बुद्ध जयन्ति समारोह समिति नी:स्वना बुद्ध पूर्णिमा महोत्सव भव्य रुपं मानय या:गु ।
३. २०५९ जेठ २० गते नियमित बुद्धपूजा, कर्म व कर्मफल सफू विमोचन ।

### बुद्ध पूजा व स्वास्थ्य शिविर

२०५९ बैशाख २१

सुवर्ण छत्रपुर विहार लुभु । शीलप्रार्थना, नियमित बुद्धपूजा, ज्ञानमाला भजन व जलपान ज्याझो सिधयका थुखुन्हु सुवर्ण छत्रपुर विहार मिसापुच: नास: नन्द किशोर प्रतिमा कोष व रेडक्रस सोसाइटी लुभू उपशाखाया ग्वसाले मिसातय् पाठेघरय् जुइगु क्यान्सर रोग जाँच या:गु ख: । उगु स्वास्थ्य शिविरे स्त्रीरोग विशेषज्ञ डाक्टरत ४ म्हस्यां सेवा यानादीगु ख: । १७० म्ह मिसा तय्त रोग जाँच या:गु उगु स्वास्थ्य शिविरे डाक्टर व स्वयम् सेवक याना: जम्मा ४०।५० म्ह सेवकतय्त जलपान व भोजनया व्यवस्था विहारं हे ता:लाकूगु समाचार दु ।

### बुद्धपूजा व धर्मदेशना

थ्वहे वंगु २०५८ चैत्र ३१ गते बौद्ध जनविहारया बार्षिक ज्याझ्वले श्रद्धेय् भन्ते राष्ट्रपाल पाखें शील प्रार्थना बुद्ध पूजा व धर्मदेशना क्वचा:गु समाचार दु । उगु ज्याझ्वले भन्ते बिमलानन्द श्रद्धेय कुसुम गुरुमा व मेमेपिं गुरुमांपिंनं उपस्थित जुयादीगु दु । अथेहे विणा श्रेष्ठया दिवंगत काय् भाजु सुविन कृष्ण श्रेष्ठ व दिवंगत भौमयजु सजनी श्रेष्ठया पुण्य स्मृतिस सकल भन्ते गुरुमापिं व उपासक उपासिका पिन्त भोजन दान यागु ख: । अथेहे भाजु ज्ञान कुमारया बौ दिवंगत तुईसीं महर्जनया पुण्य स्मृतिस सकल उपासक उपाशीका पिन्त जलपान याकूगु ख: ।

### विचा: हाय्का

हनेबहम्ह बुद्ध धर्मया हितैषी मयजु श्यामलक्ष्मी शिल्पकार ज्यावलाखेलया उपासिका वैशाख ७ दिवंगत जूगुलिं वय्कया पुण्यस्मृतिस श्रद्धाञ्जली देछाया विचा हायकूपिं सिद्धि मंगल [illegible]या उपासक उपासिकापिं ।

## श्रद्धाञ्जली

लुभु सिद्धिमंगल विहारया उपासिका रत्नमाया महर्जन वैशाख २२ गते दिवंगत जूगुलिं विहारया सकल उपासक उपासिकापिंसं वय्‌कया पुण्य स्मृतिस श्रद्धाञ्जली अर्पण याना विचा: हाय्‌का दीगु समाचार दु ।

## युवक बौद्ध मण्डल नेपालया लछिया शनिवारीय प्रवचन ज्याझ्वः

२०५८ चैत्र ३१ गते शनिवार (परिचयात्मक पत्रकारीता तालिम सम्पन्न)

२०५९ वैशाख ७ गते शनिवार मण्डलया धम्महले मण्डलया अध्यक्ष अशोक मान शाक्यया सभापतित्वे प्रवचन श्रद्धेय भन्ते आनन्दं वर्तमान युगया बुद्धधर्मया सदुपयोग बारे धर्मदेशना याना विज्यात । अन्ते सभापति पाखें धन्यवाद ज्ञापन व सभाविर्सजन याना बिज्यात । उगु ज्याझ्वः सचिव राजेश शाक्य पाखें न्ह्याका विज्यागु खः ।

२०५९ वैशाख १४ गते शनिवार मण्डलया धम्महले प्रवचन हेरा काजी वज्राचार्य पाखें नेपाले बौद्ध संस्कृति पंचबुद्धया महत्व विषययात कया प्रवचन याना बिज्यात । उगु सभाय् मण्डलया अध्यक्ष अशोक मान शाक्य पाखें सभापतित्व याना अन्तय् धन्यवाद ज्ञापन व सभाविसर्जन याना बिज्यात । उगु कार्यक्रम न्ह्याका बिज्याम्ह का.स. हेमरत्न शाक्य ।

२०५९ वैशाख २१ गते शनिवार मण्डलया अध्यक्ष अशोक मान शाक्य या सभापतित्वे प्रवचन श्रद्धेय भन्ते आनन्द पाखें आधुनिक विज्ञान व बुद्ध धर्म विषययात कया धर्म देशना याना विज्यात । अन्ते सभापति पाखें धन्यवाद ज्ञापन व सभाविर्सजन याना विज्यात । उगु ज्याझ्वः का.स. बुद्ध रत्न शाक्य पाखें न्ह्याका दिगु खः ।

२०५९ वैशाख २८ गते शनिवार मण्डलया उपाध्यक्ष राजेश शाक्यया सभापतित्वे पंचशील प्रार्थना याना प्रवचक श्री रत्न सुन्दर शाक्य पाखें बुद्ध धर्म प्रचार प्रसारया निंती भारत स्थित कलकत्ता महानगरगया देन विषय यात कया प्रवचन विया बिज्यात । अन्ते सभापति पाखें धन्यवाद ज्ञापन व सभाविर्सजनयाना विज्यात । उगु ज्याझ्वः का.स. हेम रत्न शाक्य पाखें न्ह्याका [illegible] ज्यागु खः ।

## "चैनपुर, भोजपुरको सेरोफेरो" पुस्तक विमोचन

काठमाडौं जेष्ठ २६ गते आइतबार, २०५९ नेपालको दुर्गम पूर्वाञ्चल क्षेत्र चैनपुर, भोजपुर भ्रमणमा त्यहाँका सामान्य जनजीवनको चित्रण सहित धार्मिक, सांस्कृतिक, ऐतिहासिक, भौगोलिक, आर्थिक इत्यादि पक्षहरूलाई निष्पक्ष एवं इमान्दारीका साथ समेटिएको भिक्षु संघरक्षितद्वारा रचित "चैनपुर भोजपुरको सेरोफेरो" (यात्रा-संस्करण) पुस्तक यहाँको इमेज च्यानल K.A.T.H 97.9 FM मा विमोचन भयो ।

उक्त अवसरमा लेखक भिक्षु संघरक्षितले भन्नुभयो -"चैनपुर भोजपुरको सेरोफेरो भ्रमण मैले त्यहाँका जनजनहरूमा आत्मीयाको अनुभव-अनुभूति गरेको छु, त्यहाँका वनपाखा-भीरपखेराको स्वच्छ, निर्मल वातावरणमा घुल मिलिएका व्यक्तिहरूको व्यवहारमा निर्मलता, कार्यमा रोचकता एवं बोलाइमा मोहता पाएको छु ।

उक्त पुस्तकको समीक्षा गर्नुहुँदै बौद्ध विद्वान् प्रा. सुवर्ण शाक्य भन्नुहुन्छ- "लेखक भिक्षुको पन्ध्रौं पुस्तकका रुपमा प्रकाशित यो यात्रा संगालो कृति धर्मप्रचारको यात्रा भएको छ, अनन्त जीवनको यात्रा भएको छ ।

स्पष्ट र इमानदारीसँग तीता-मिठा संस्मरणरुपी यो पुस्तक हेर्दाहेर्दै चाँडै टुंगिएला भन्ने डर पाठकको मनमा हुने किसिमको छ ।"

नेपाली साहित्यका वरिष्ठ साहित्यकार एवं समालोचक प्रा. डा. मोहनहिमांशु थापाद्वारा-"गम्भीर अध्ययन-भ्रमण र आवश्यक सामग्री संकलनको समायोजनबाट संग्रह अनुसन्धानात्मक रुपमा प्रस्तुत भएको छ । श्री भरत शाक्यले भन्नुभयो- "आफ्नो ठाउँको विषयमा यति राम्रो पुस्तक निकालेको देख्दा खुशी लागेको छ । यसमा सामाजिक सांस्कृतिकका साथै स्थानीय जनजीवनको पनि चित्रण गरेको छ । श्रद्धेय भिक्षु संघरक्षितप्रति व्यक्तिगत तथा सम्पूर्ण चैनपुर-भोजपुरका मानिसहरूका तर्फबाट कृतज्ञता व्यक्त गर्नु आफ्नो कर्तव्य ठान्दछु ।"

सत्यसन्देश प्रचारक प्रकाशनको १४ औं. कृतिका रुपमा राजेश श्रेष्ठ, शोभा श्रेष्ठ स-परिवारबाट पूर्ण सहयोग प्राप्त उक्त "चैनपुर भोजपुरको सेरोफेरो" कृति धर्मदानस्वरूप प्रकाशनमा आएको छ ।

# विचाः हायका

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो




मदुम्ह मयूजु श्यामलक्ष्मी शिल्पकार
लोकेश्वर टोल, ज्यावलालेख

**धर्मकीर्ति पत्रिकाया विशेष सदस्य मयूजु श्यामलक्ष्मी शिल्पकार २०५१ साल वैशाख ७ गते ६८ दँया बैसे आकाभ्काकां मदुगुलिं वयकःया छैं जः पिन्सं अनित्य संसार यात थुइका दुःख धैर्य धारण याय् फयमा धका बिचाः हायका**

– *धर्मकीर्ति पत्रिका*

# विचाः हायका

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो



**स्व. श्री बाबुकाजी शाक्य**

जन्म मिति : वि.सं. १९८१ असार ८ गते (पंचमी) शनिवार
स्वर्गारोहण मिति : वि.सं. २०५९ वैशाख २८ गते (चतुर्दशी) शनिवार

श्रीमती सुमना देवी शाक्य
कायपिं १. रत्नकाजी २. महेन्द्रकाजी
भमचापिं १. हिरादेवी २. सुवर्ण ३. सुशीला देवी
म्ह्याय्पिं १. विद्या देवी २. शारदा देवी- जिचा भाजु सुरेश रत्न गुभाजु
३. विना देवी ४. माया देवी

छ्यपिं : रचना, अरुण, अमीत वज्राचार्य, समीत वज्राचार्य, माधुमि वज्राचार्य,
युमी, [illegible] राहुल (सुगत) स्वस्ती व श्रद्धा

बा.अ.का.द.नं. - ७०/०४०/४१

## थारू जातिको भोजभतेरमा धूमपान, मद्यपान बन्द गरिने

राजविराज जेठ ९ गते । बिहेमा जन्ती जाँदा धूमपान र मध्यपानले स्वागत गर्ने प्रथालाई निरुत्साहित गर्न आदिवासी थारूहरूको संस्था थारू कल्याणकारी सभा सक्रिय भएको छ । आगामी दिनहरूमा सप्तरीका थारू समुदायमा हुने विवाहलगायत अन्य शुभकार्यमा विगत प्रचलनमा रहेको चुरोट, बिँडी, पानपराग, रक्सीले आमन्त्रितहरूलाई स्वागत गर्ने कार्य पूर्णरूपले बन्द गरिने निर्णय भएको कुरा उक्त संस्थाले जनाएको छ ।

लागूपदार्थ र अम्मलका रूपमा प्रयोग हुने त्यस्ता सामानहरूको सट्टा दही, सर्वत, अलैंची, सुप र नरिवलले पाहुनालाई सत्कार गर्ने र त्यस्ता प्रतिबन्धित कुराहरूको प्रयोग गर्नेहरूलाई समाजले जरिवाना समेत गर्ने निर्णय भएको कुरा थारू कल्याणकारी सभाका सल्लाहाकार नारायण चौधरी बताउनुहुन्छ । सभाको सक्रियतामा हालै सप्तरी जिल्लाको फत्तेपुर, वकधुवा र प्रसबनी गाविसका आठ स्थानमा सम्पन्न वैवाहिक कार्यक्रमहरूमा रक्सी, चुरोटको प्रयोगमा पूर्णप्रतिबन्ध गर्नमा सफलता मिलेको बताइएको छ । समाजमा गरिने शुभकार्यमा धूमपान र मद्यपानको बढ्दो प्रयोगका कारण झैं-झगडा र होहल्लासमेत हुन गई अमर्यादित घटना हुने सम्भावना भएका कारण अन्य जातिले गर्ने गरेका त्यस्ता कार्यहरूमा पनि यसको प्रयोग निरुत्साहित गर्न जोड दिइएको छ ।

तराईमा बढ्दो दाइजो प्रथाका कारण पनि जति बढी पैसा बधु पक्षबाट लिइन्छ, सोही अनुपातमा आफन्तहरूलाई वर पक्षले खर्च गरी स्वागतसत्कार गर्ने परम्पराका कारण पनि त्यस्ता कुलत बढ्ने सम्भावना अभिभावक संघ सप्तरीका अध्यक्ष विमल झा व्यक्त गर्नुहुन्छ ।

साभार : स्पेस टाइम १०।२।०५९

## जीवन सुखमय पार्ने ३८ मंगल धर्महरू

- संगत नगर्नु मूर्खहरूको, गर्नु संगत पण्डितहरूको, पूजा गर्नु पूज्यहरूको - उत्तम मंगल हुन् यी सब ।
- बास गर्नु अनुकूल स्थानमा, पुण्य लाभी हुनु पहिलेको, सम्यक् मार्गमा आफूलाई लगाउनु - उत्तम मंगल हुन् यी सब ।
- शिल्प सिक्नु, विविध कुराको ज्ञान राख्नु, विनयी सुशिक्षित भएर कोमल शिष्ट वचन बोल्नु - उत्तम मंगल हुन् यी सब ।
- माता-पिताको सेवा गर्नु, आश्रित पुत्र-स्त्रीको रक्षा गर्नु, चित्तलाई संयमित राख्नु- उत्तम मंगल हुन् यी सब ।
- आफन्तलाई सहयोग गर्नु, दोषरहित कार्यमा मन लगाई त्याग चेतना राख्दै धर्मको आचरण गर्नु- उत्तम मंगल हुन् यी सब ।
- नराम्रो विचारबाट टाढा रहँदा पाप कर्मलाई त्याग गर्नु, संयमित स्मृतिवान् बन्दै धर्म कार्यमा सतर्क हुनु- उत्तम मंगल हुन् यी सब ।
- शान्तिको मार्ग देखाउने गम्भीर धर्म समय मिलाएर सुन्ने गर्नु, जेष्ठहरूप्रति आदर गर्दै कृतज्ञी र सन्तोषी बन्नु- उत्तम मंगल हुन् यी सब ।
- सहनशील भएर सुवचन बोल्नु, श्रमणहरूको दर्शन गर्नु धर्म सम्बन्धमा छलफल गर्नु - उत्तम मंगल हुन् यी सब ।
- निर्वाणको अवस्थामा पुग्नु, चार यथार्थ सत्यज्ञान प्राप्त गर्नु, दृढ निश्चयी भएर ब्रह्मचर्य्या पालन गर्नु - उत्तम मंगल हुन् यी सब ।
- आठ प्रकारका सांसारिक स्वभावहरूबाट चित्तलाई निष्प्रभावी तुल्याइ राख्नु, संयमतापूर्वक प्रयत्न गरेर शोकरहित अवस्थामा पुग्नु - उत्तम मंगल हुन् यी सब ।

माथि उल्लेखित कर्म गर्दै पूर्ण शान्तिको मार्गमा लाग्ने अपराजितलाई सबै प्रकारले उत्तम मंगल हुनेछ ।

*श्रमण* = इन्द्रिय माथि विजय प्राप्त गरी त्यसलाई आफ्नो अधिनमा राख्ने सफलता प्राप्त गरिसकेको व्यक्ति ।

*निर्वाण* = तृष्णा (मानसिक अस्थिर स्वभाव) को समूल विनाश भैसकेको अवस्था ।

*अष्टलोकधर्म* = सांसारिक प्राणीले अनुभव गर्ने सुख-दु:ख, यश-अपयश, निन्दा-प्रशंसा र लाभ-हानी ।

*उत्तम चरित्र* = मैत्री, करुणा, प्रशन्नता र तटस्थताको भावले गरिने आचरण ।

वितरक :

**सुखी होतु नेपाल [illegible] विहार, भृकुटीमण्डप**

मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं [illegible] ४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८